# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ५, अङ्क ४, पूर्णाङ्क १९९ | २०७६ असार १८ गते बुधबार | Wednesday, 3 July 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## सरकार युद्ध थोपर्दैछ : नरबहादुर कार्की



**काठमाडौं** : सरकारको गैरन्यायिक हिरासतबाट सोमबार मुक्त भएका नेकपाका युवा नेता एवम् अन्तर्राष्ट्रिय जीवन प्रशिक्षक नरबहादुर कार्कीले सरकारले देश र जनतामाथि जबर्जस्ती युद्ध थोपर्ने षड्यन्त्र गरेको बताएका छन् । हिरासतमुक्त भएपछि रातो खबरसँग कुरा गर्दै कार्कीले भने, 'भोजपुरदेखि सर्लाहीसम्म नेकपाका नेता-कार्यकर्ताको हत्या गर्नुका साथै देशभर नेता-

... बाँकी पृष्ठ ५ मा

## नेता भुसालद्वारा आमाका नाममा अक्षयकोष



नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा अखिल नेपाल शिक्षक सङ्गठनका पूर्वउपमहासचिव भेषराज भुसालले आफ्नी आमाको श्रद्धाञ्जलीमा उपस्थित हुन नपाएको भन्दै मार्मिक श्रद्धाञ्जलीपत्र लेखेका छन् । आमाको स्मृतिदिवसको दिन पत्र लेख्दै उनले राज्यले आफ्नो पार्टीमाथि लगाएको प्रतिबन्ध, राज्यआतङ्क, हत्या, धरकपडका कारण, आमाको अन्तिम अवस्थामा उपस्थित हुन नसकेको र दाहसंस्कारमा समेत सहभागी हुन र आफ्नै परिवार र आफन्तसँग शोक मनाउन नपाउँदा झनै मर्माहत भएको उल्लेख गरेका छन् ।

आमाको मृत्युको शोकमा समेत परिवारसँग टाढा रहे पनि श्रद्धाञ्जली ज्ञापन गर्दै उनले शोकलाई शक्तिमा बदल्न घरसम्म पुगेर वा विभिन्न माध्यमबाट श्रद्धाञ्जली व्यक्त गर्ने पार्टीका महासचिव विप्लवदेखि सबैलाई धन्यवाद ज्ञापन गरेका छन् ।

... बाँकी पृष्ठ ७ मा

# दिल्ली रिझाउन एक अर्ब खरानी

## नेपाली संस्कृतिविरुद्ध सरकारकै नाङ्गो संलग्नता

■ **रातो खबर संवाददाता**/काठमाडौं

असार १२ गतेको वली नेतृत्वको सरकारले भारतीय चलचित्र प्रवर्द्धनमा संलग्न इन्टरनेसनल इन्डिया फिल्म (आइफा) को २० औं संस्करणका लागि काठमाडौंमा कार्यक्रम गर्न अनुमति मात्र दिएको छैन, पर्यटन राज्यमन्त्रीकै संलग्नतामा संयोजन अथवा व्यवस्थापन समिति नै गठन गरेको छ । नीतिगत भ्रष्टाचार गर्ने र नागरिक समाजलाई मूर्ख बनाउने बदनियतले पर्यटन विकास बोर्ड र काठमाडौं महानगरपालिकामार्फत ४४ करोड र अन्य व्यवस्थापकीय खर्चसहित झन्डै एक अर्ब रूपैयाँ खर्च गर्ने निर्णयसमेत गरेको छ जसमा झन्डै ५ सय भारतीय चलचित्रकर्मी सहभागी हुनेछन् । मनोरञ्जनात्मक कार्यक्रमको टिकट बिक्रीबापत जम्मा हुने सम्पूर्ण रकम बलिउडका कलाकारहरूले लग्नेछन् भने उनीहरूको नेपाल आउजाउ, होटेल, खाना, यातायात, सुरक्षा, सफाइ, मञ्च व्यवस्थापनलगायत सम्पूर्ण खर्च नेपालले नै बेहोर्नेछ ।

यस्तो हास्यास्पद, लज्जाजनक र




देशद्रोही निर्णय गर्न सरकारलाई कुन प्रयोजन र मनोविज्ञानले उत्प्रेरित गरिहेको छ ? नेपाली जनताको कर लगानी गरेर भारतको कुनै निजी कारखाना (चलचित्र उद्योग) को प्रवर्द्धन गर्ने तर नाफाजति निजी संस्थाले लैजाने निर्णयमा सरकार पुगेको छ । यस्तो निर्णय भारत सरकारले आफ्नै देशमा गर्दैन । सन् २०१९ जनवरीमा पश्चिमी शक्तिकेन्द्रहरूलाई रिझाउन सरकारकै लगानी र संलग्नतामा क्रिस्चियन सम्मेलन भएको थियो । त्यही होली वाइन (पवित्र शुक्राणु) संस्कृतिको दोस्रो संस्करणका रूपमा सरकारले आइफा अवार्ड गर्ने भएको छ । अझ उदेकलाग्दो विषय त के छ भने राष्ट्रपतिको समय नमिलेको भन्दै ३ वर्षदेखि सरकारले नेपाली चलचित्रकर्मीहरूलाई दिइने अवार्ड रोकिरहेको समयमा आइफा अवार्ड आयोजना गर्न तम्सिएको छ ।

आइफा अवार्ड नेपालमा बसेका भारतीय नागरिक र कुलीन वर्गका छोराछोरीलाई खुसी पार्न आयोजना गरिँदैछ । दिल्ली दरबार रिझाउने त्यसको मुख्य उपादेयता हुनसक्छ । आइफा अवार्डले नेपाली चलचित्र उद्योगलाई अझै निरास बनाउनेछ । नेपाली संस्कृतिमाथि भारतीय साम्राज्यवादी संस्कृतिक हमला तीव्र हुनेछ । यसको नेपाली सांस्कृतिक क्षेत्रमा बुद्धिजीवी, व्यक्तित्व, जनसङ्गठन र देशभक्त नागरिकले चर्को विरोध गरेका छन् । नेपाली चलचित्रकर्मीहरू सडकमा आएका छन् । यो कदम स्वागतयोग्य छ । सरकारको आइफा अवार्ड गर्ने निर्णय बदनियतपूर्ण भएकाले त्यसका विरुद्ध चौतर्फी दबाब दिनुपर्छ ।

# नेकपाद्वारा देशभर सहिद कुमार पौडेलको श्रद्धाञ्जलीसभा

## बलिदान खेर जान नदिने प्रतिबद्धता

■ **भीमप्रसाद चापागाईं**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले सरकारले असार ५ गते हत्या गरेका सर्लाही जिल्ला इन्चार्ज सहिद कुमार पौडेलको श्रद्धाञ्जलीसभा देशव्यापी रुपमा आयोजना गरेको छ । नेकपाले बलिदान खेर जान नदिने प्रतिबद्धता पनि व्यक्त गरेको छ ।

नेपाल कम्युनिस्ट पार्टी जनकपुर ब्युरोले सात जिल्लाका आठ ठाउँमा सहिद कुमार पौडेलको श्रद्धाञ्जलीसभा सम्पन्न गरेको छ । सर्लाहीको श्रद्धाञ्जलीसभामा सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवम् जनकपुर ब्युरो इन्चार्ज सन्देश पौडेलले कुमार पौडेलको हत्याको बदला एकीकृत जनक्रान्तिको माध्यमबाट लिने प्रतिबद्धता व्यक्त गरे । हत्याको योजना केन्द्रीय दलाल सत्ता र स्थानीय दलाल सत्ताको योजनामा भएको उनले प्रस्ट पारे ! उनले भने, 'कमरेड कुमार पौडेलको एक थोपा रगत पनि खेर जान दिनेछैनौं ! शोकलाई शक्तिमा बदली एकीकृत जनक्रान्ति सफल पारिछोड्नेछौं ।'

सर्लाही जिल्ला सेक्रेटरी लालबहादुर तामाङको अध्यक्षमा सम्पन्न कार्यक्रमको उद्घोषण प्रमिला लामाले गरेकी थिइन् । कार्यक्रमको प्रमुख अतिथि सन्देश पौडेल र अतिथि सत्ता प्रमुख सीताराम शाह रहेका थिए ।

यसैगरी सप्तरी जिल्लामा सम्पन्न भएको श्रद्धाञ्जलीसभा सप्तरी

... बाँकी पृष्ठ ७ मा

## कालीकोटका गाउँगाउँमा प्रहरी दमन

### दमन नरोके प्रतिरोध गर्ने नेकपाको चेतावनी

■ **रातो खबर संवाददाता**/कालीकोट

नेपाल कम्युनिस्ट पार्टीको राम्रो प्रभाव रहेको कालीकोट जिल्लामा सरकारले व्यापक सर्च अपरेसन सुरु गरेको छ । प्रहरीले अपरेसन थालेपछि नेपाल कम्युनिस्ट पार्टी कालीकोट निकै आक्रोशित बनेको छ ।

नेकपाको बढी प्रभाव रहेको कालीकोटका विभिन्न क्षेत्रमा प्रहरीको अप्रेसन सुरु भएको हो । नेकपाले आफ्नो आधार क्षेत्र मानेको नरहरिनाथ गाउँपालिकाको लालु, माल्कोट, रूपसा, कोटवाडा, सान्नित्रिवेणी गाँउपालिकाको मुम्रा, पचालझरना गाँउपालिकाका खरकोट, खाद्रु, पलाँता गाउँपालिकाको खिन धौलागोह लक्षित गरी नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्त रूपमा गस्ती सुरु गरेका हुन् ।

नेपाल कम्युनिस्ट पार्टी कालीकोटका सेक्रेटरी रणदीपले सर्लाहीमा भएको कुमार पौडेल हत्याकाण्डजस्तै घटना दोहोऱ्याउने तयारीस्वरूप प्रहरी गाउँमा प्रवेश गरेमा खरानी पार्ने चेतावनी दिएका छन् । कालीकोटमा आयोजित कार्यकर्ता प्रशिक्षण कार्यक्रममा सेक्रेटरी रणदीपले त्यस्तो चेतावनी दिएका हुन् । जिल्लाभित्र भएका केही घटनालाई आधार मानेर प्रहरी गाउँगाउँ छिरेर खानतलासी गर्ने, व्यापक धरपकड गर्ने, जनता आतङ्कित गर्ने र आफ्ना नेता तथा कार्यकर्ताको प्रहरीले पिछा गर्ने गरेको र अब आफ्नो पार्टीले प्रतिरोध गर्ने उनले बताए । उनले त्यसका लागि तयार रहन नेता तथा कार्यकर्ताहरूलाई निर्देशन दिए । आफूहरूको लडाइँ सेना र पुलिससँग नभएको प्रस्ट पार्दै नेता

... बाँकी पृष्ठ २ मा

## सर्लाही हत्याकाण्डको यथार्थ सार्वजनिक गर : केसी



■ **झनक श्रेष्ठ**/काठमाडौं

नेपाली काङ्ग्रेसका प्रभावशाली नेता एवम् पूर्वमन्त्री अर्जुननर सिंह केसीले सर्लाही हत्याकाण्डको यथार्थ तत्काल सार्वजनिक गर्न सरकारलाई आग्रह गरेका छन् ।

सामाजिक सञ्जाल ट्विटरमा सन्देश प्रवाह गर्दै केसीले मुलुकमा शृ· लाबद्ध गैरन्यायिक हत्या निरन्तर चल्दै आएकोमा चिन्ता र चासो पनि व्यक्त गरेका छन् ।

उनले निरन्तर गैरन्यायिक हत्या भइरहेको तर त्यो हत्याकाण्डको 'तृणमूल' तहमा कहिल्यै छानबिन नभएकोमा पनि चिन्ता व्यक्त गरेका छन् ।

... बाँकी पृष्ठ ७ मा

## सरकार भिडन्त निम्त्याउँदैछ

■ **रातो खबर संवाददाता**/काठमाडौं

वली-बादल गृह प्रशासनले योजनाबद्ध रूपमा देशलाई द्वन्द्व र भिडन्ततिर धकेलिरहेको छ । एकातिर शान्ति र लोकतन्त्रको चर्चा गर्ने, अर्कोतिर निःशस्त्र र राजनीतिक कार्यक्रममा संलग्न कार्यकर्तालाई पक्राउ गर्दै हत्या गर्दै गरिरहेको छ । प्रतिपक्ष र आफ्नै पार्टीको जनमतलाई समेत कुल्चिँदै सरकारले देशलाई भिडन्ततिर धकेलिरहेको देखिन्छ । देशलाई द्वन्द्वतिर धकेलेर आफ्नो कमजोरी छोप्ने र भ्रष्टाचारयुक्त शासन लम्ब्याउने रोगले सरकार ग्रसित भएको देखिन्छ । सरकारलाई भूमिगत गिरोहले सञ्चालन गरिरहेको चर्चा पनि अर्थपूर्ण छ ।

सोमबार सिलिचोङ १ सिसुवाटार होङ्ला, सङ्खुवासभामा खाना खाएर बसिरहेका नेकपाका कार्यकर्तामाथि प्रहरीले आकस्मिक रूपमा घेरा हालेर अन्धाधुन्ध गोली प्रहार गरेको छ । केही दिनयता भोजपुर, उदयपुर, सोलुखुम्बु,



सङ्खुवासभालगायत जिल्लामा प्रहरीले अपरेसन चलाइरहेको छ । त्यसप्रकारको स्थितिमा नेकपाले आत्मरक्षार्थ अर्को बाटो समात्यो भने के होला ? सर्वत्र चिन्ता उठेको छ । वली-बादल गृह प्रशासनलाई त्यसप्रकारको उन्माद रोक्न चौतर्फी दबाब दिन आवश्यक छ । अन्यथा देशको परि स्थिति अर्को दिशामा जान सक्छ ।

नेकपाका प्रवक्ता

... बाँकी पृष्ठ ७ मा

# केपी सरकारको हत्याकाण्ड

**देश/परिवेश**

■ विप्लव



केपी–बादल सरकारले एक महिनाभित्र भोजपुरमा निहत्था युवा कमरेड तीर्थराज घिमिरे र सर्लाहीमा जिल्ला इन्चार्ज कमरेड कुमार पौडेलको हत्या गरेर मुठभेडमा मारिएको सफेद झूट बोल्न पुगेको छ । यसरी हेर्दा केपी–बादलमाण्डली एक नम्बरको हत्यारा, रक्तपिपासु एवम् ढँटुवा वञ्चक साबित भएको छ ।

मुठभेड जनयुद्धकालमा फासिस्टहरूले माओवादीहरूविरुद्ध प्रयोग गरेको बदनाम शब्द हो । जल्लादहरूले घरमा बसिरहेका किसान, मजदुरहरूलाई हत्या गर्ने, महिलाहरूलाई बलात्कार गरेर हत्या गर्ने, विद्यार्थीलाई पढिरहेको ठाउँमा र शिक्षकलाई पढाइरहेको स्कुलमा मार्ने, कवि-कलाकार, साहित्यकारहरूलाई कोठाबाट समातेर हत्या गर्ने र बाहिर सुरक्षा शक्तिसँगको मुठभेडमा मारिएको भनेर प्रचार गर्दथे । यही कारणले उनीहरू जनतामा नाङ्गेझार भएर पनि गएका थिए । आज डेढ दशकपछि गणतन्त्र नामको राज्य, कम्युनिस्ट नामको सरकार र पूर्वमाओवादीबाटै सरकारमा पुगेका गृहमन्त्री बादलले ठीक त्यसरी नै बाटोमा निहत्था हिँडिरहेका युवा, राजनीतिक काममा लागिरहेका जिल्ला नेता कुमार पौडेललाई नृशंस प्रकारले हत्या गरेर उही शब्द, उही तरिका, उही वाक्य, उही आरोप अर्थात् मुठभेडमा मारिएको भनेर निर्लज्ज प्रकारले जनतालाई ढाँटेका छन् । बादलको मुखमा क्रान्तिको आँधीले उडाएका जनहत्यारा शासकहरूको प्रेतात्मा बोलिरहेको जस्तो महसुस हुन्छ । यो हददर्जाको बेइमानी, छलकपट र जनताप्रतिको अपमान हो ।

जुन सत्ता र शासक वर्गले जनतालाई सुशासन, समानता, स्वतन्त्रता, स्वाधीनता, सुविधा र न्याय दिन सक्तैन, जुन सत्ता र शासक वर्गले जनताको विश्वास र मन जित्न सक्तैन, त्यो सत्ता र शासक वर्गले जनतामाथि आपराधिक दमनको बाटो पकड्छ ।

जब शासकहरू राज्य सञ्चालन गर्न असफल हुन्छन्, जब उनीहरू जनताका बीचमा बदनाम भएर जान्छन्, जब जनता र शासकहरूका बीचमा सङ्घर्ष चर्किएर जान्छ । जब जनताको माया र समर्थन क्रान्तिकारीहरूतिर ढल्किन्छ तब उनीहरू बन्दुकको सहारामा टिक्ने र बाँच्ने धृष्टता गर्दछन् ।

केपी–बादलमण्डली आज ठीक त्यसरी नै आमजनताको आँखामा

... बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# आइफामा लगानी : दलालीको पराकाष्टा

केपी वली सरकारले नेपाली जनतालाई थाहै नदिई गतवर्ष साउन ८ गते नै ‘ इन्टरनेसनल इन्डिया फिल्म अवार्ड (आइफा)’ नामको भारतीय चलचित्र महोत्सव काठमाडौँमा गर्न स्वीकृति दिने निर्णय गरेको सार्वजनिक भएको छ । गत बिहीबार यसको रहस्योद्घाटन भएपछि सरकारका विरुद्ध जनमत अभिव्यक्त हुने क्रम दैनिक बढिरहेको छ । वास्तवमै यो साम्राज्यवादप्रति वली सरकारको दासता, भक्ति र दलालीको पराकाष्टा हो भने राष्ट्रियमाथिको भद्दा मजाक । अर्को देश, त्यसमाथि पनि सदैव नेपालको राष्ट्रियता, जनतन्त्र र जनजीविकामाथि निर्मम प्रहार गरिरहेको र विस्तारवाद हुँदै साम्राज्यवादमै पतन भएको मुलुकका कलाकार र संस्कृतिको जगेर्ना गर्न आफ्नो भूमि मात्र होइन, ढुकुटी नै स्वाहा पार्ने वली सरकारको यो हर्कत ‘आफ्नो गाला ताछेर अर्काको पिठ्युँ टाल्ने’ भन्दा अरू केही होइन । भारतबाटै मुलुकको भौगोलिक, राजनीतिक, आर्थिक र सांस्कृतिक अतिक्रमण भैरहेको अवस्थामा यस्तो महोत्सवले भारतीय अतिक्रमणलाई थप सहयोग पुऱ्याउने भएकाले यो गतिविधिका विरुद्ध देशभक्त जनता सडकमै उत्रिनुको विकल्प छैन ।

सरकारको यो निर्णयले नेपाल र नेपालीमाथि भइरहेका षड्यन्त्रका धेरै रहस्य एकैचोटि उजागर गरेको छ । कुनै पनि मुलुकको भूगोलमाथि आक्रमण गर्ने पहिलो आधार त्यहाँको संस्कृतिलाई ध्वस्त बनाएपछि तयार हुन्छ भन्ने साम्राज्यवाद र तिनका मतियारहरूलाई राम्ररी थाहा छ । वली सरकारको नक्कली राष्ट्रवादको मुखुन्डो त यसले उतारिदिएको छ नै, राष्ट्रघातका लागि उसले गरेको एक वर्ष पुरानो निर्णय सार्वजनिक भएपछि लेन्डुपपथका योजनाहरू कसरी रातारात तयार हुँदा रहेछन् भन्ने पनि प्रस्ट भएको छ । यो भर्त्सनायोग्य र निन्दनीय कार्यको देशभक्त तथा क्रान्तिकारी नेपालीले खेद मात्र गरेर पुग्दैन, कार्यक्रम हुनै नदिएर र वली सरकारको भण्डाफोर गरेर आइन्दा यस्ता राष्ट्रियता र राष्ट्रिय संस्कृतिविरोधी-आर्थिक नोक्सानी हुने निर्णय गर्नै नसक्ने सन्देश दिनु आवश्यक छ ।

कथित आइफा आयोजना गर्न सरकारले नेपाली भूमि मात्र होइन, ४५ करोड रुपैयाँ काठमाडौँ महानगरपालिकालाई नगद नै दिने र अवार्ड आयोजनाका लागि नेपालले कम्तीमा एक अर्ब खर्च गर्ने तथ्यहरू पनि सार्वजनिक भइसकेका छन् । वर्तमान केपी वली सरकारले सरकारका विभिन्न एकाइहरूको दुरुपयोग गरी भारतीय साम्राज्यवादको चाकरीको पराकाष्टा व्यक्त गर्दैछ- आइफा आयोजना गरेर । नेपाल सरकार सहआयोजक बनी एक अर्ब खर्च गरेर भारतीय कलाकार थुपार्नु र उनीहरूलाई सम्मान गर्नुको औचित्य भनेको नेपाल सरकार सधैँ भारतीय साम्राज्यवादका विरुद्ध छैन भनेर भारतीय शासकहरूको आशीर्वाद लिइरहनु हो । यसले नेपाल र नेपाली जनतालाई होइन, यहाँका शासकहरूको मात्र स्वार्थ पूर्ति गरिरहेको छ र नेपालको साहित्य, कला, संस्कृति, अर्थ र स्वाभिमानमाथि धक्का पुऱ्याइरहेको छ । यो कार्यक्रम आयोजना हुन नदिएर सबै देशभक्त, राष्ट्रवादी नेपालीले यहाँका शासकहरूको हददर्जाको दादागिरी र स्वेच्छाचारीपन अन्त्य गर्दै र भारतभक्तिलाई पाठ सिकाउनुपर्छ ।

जबजब नेपालमा राजनीतिक क्रान्ति अघि बढ्छ त्यतिबेला नेपालको राजनीति, संस्कृति, राष्ट्रियताको विकास र रक्षा भएको देखिन्छ । आन्दोलन, विद्रोह र युद्धहरू जब सम्झौतामा टुङ्गिन्छन्, जब उपलब्धिहरू न्यून बनेर क्रान्तिको अपेक्षाअनुसार परिवर्तन हुन सक्तैन र मुलुक राजनीतिक, आर्थिक र सांस्कृतिक रुपमा प्रतिक्रान्तितिर धकेलिन्छ, जबजब मुलुकमा राजनीतिक सङ्क्रमण बढ्छ, त्यसपछि साम्राज्यवादी र विस्तारवादी स्वार्थहरू सतहमै देखापर्छन् । यतिबेला केपी वली र पुष्पकमल दाहालहरू भद्दा शैलीले विस्तारवाद र साम्राज्यवादको चाकरी गरिरहेका छन् । यतिबेला आइफाको आयोजनामा केपी वली सरकारले गरेको लगानी र स्तुति पनि त्यसैको एउटा निकृष्ट नमुना हो ।

सरकारले आइफामा लगानी गर्न लागेको र नेपाली माटोमा साम्राज्यवादी परेड खेल्ने विषय सार्वजनिक भएपछि देशभक्त र राष्ट्रवादी जनसमूह त्यसका विरुद्ध क्रियाशील भएको छ । नेपाली जनमत जहिल्यै देशभक्तिका पक्षमा छ । शासकहरू जहिल्यै राष्ट्रियता र स्वाधीनताका विरुद्ध देखिएका छन् । देशभक्त, क्रान्तिकारी र राष्ट्रवादी शक्तिहरू सरकारले नेपालको राष्ट्रियतालाई खलल पुगे गरी, नेपाली जनताले गाँस काटेर तिरेको करको दुरुपयोग गर्दै नेपालको सांस्कृतिक भावनाको प्रतिकूल झन्डै एक अर्ब लगानी गरेर आइफाको २० औँ संस्करण आयोजना गर्न अनुमति दिने र त्यसको सहआयोजकसम्म बन्न लागेको सार्वजनिक भएपछि क्रुद्ध बनेका छन् र यो ‘होली वाइन’ काण्डको दोस्रो संस्करण हो भन्ने संश्लेषणसमेत गरिरहेका छन् । सरकारले अनुमति दिएरै विभिन्न गैरसरकारी संस्थासमेतको लगानीमा गत वर्ष काठमाडौँमै गर्न लागिएको ‘दबङ्ग द टुर’ नामको भारतीय नायक सलमान खानलाई नचाउने कार्यक्रम देशभक्त नेपालीको व्यापक विरोध र नेकपाको चेतावनीसमेतका कारण खारेज भएको थियो । अब नेपाल सरकारको मुखुन्डो लगाएर नेपाली भूमिमा हुँदै गरेको साम्राज्यवादी संस्कृतिको भौतिक नाचलाई अन्त्य गरिदिनुपर्छ । यो राष्ट्रियताको लडाइँ पनि हो । यसमा नेपाली पछि पर्नु हुँदैन । भारतीयहरूलाई नागरिकता वितरण गरेर, असमान सन्धिसम्झौता गरेर, भारतीय शासकहरूको दलाली गरेर मात्र नपुगी यसरी नेपाली भूमिमै नाङ्गो नाच देखाउन अनुमति दिने, लगानी गर्ने सरकार नेपालीहरूको असली प्रतिनिधि हुन सक्तैन । एसिया प्यासिफिक सम्मेलनका नाममा आयोजित होली वाइनकाण्डबाट बदनाम भइसकेको वली सरकारले नेपाली भूमिमा विदेशीको परेड गराएर र गरिब नेपालीको गाँस काटेर गर्न खोजेको यो काम नेपाल र नेपालीको हितमा छैन । समयमै चेतना भया ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जवाफदेही लेखकमै हुनेछ – रातो खबर साप्ताहिक

# अलबिदा कमरेड उज्ज्वल

pxfF}n]Ps c;n sd/]8, c;n gftbf/, c;n l5d]sL, xfdf]] kf6L{sf]Ps c;n Sofa8/, Ps ;xof]4f xg'x'GYof]. pxfF;Fu d]/f w]/}afrfx¿ lyP . ;Fu}n8g] ;Fu}dg]{cflb . To;}n]s: pHHjnk|lt sf]efjgf ju{lo efjgf klg xf]/ dfgjLo efjgf klg xf] .



सन्तोष बुढामगर

**कमरेड उज्ज्वल, मेरो अन्तिम अभिवादन !**

मैले तपाईंलाई थवाङमा भेट्न पाइनँ । तपाईंलाई हजारौँ थवाङी जनताका माझ शिर निहुऱ्याएर सलाम गर्न पनि पाइनँ । मैले सुनेँ तपाईं हामीबाट सदाका लागि भौतिक रूपमै बिदा लिएर जानुभएछ तर म भौगोलिक रूपले टाढा छु । प्रतिकूल परिस्थितिका कारण तपाईंका बारेमा ढिलो खबर पाएँ । मलाई हो कि होइन भन्ने निकै खुलदुली लागिरह्यो । फोन गरौँ, कसैको फोन छैन । म फेसबुक लाग्ने ठाउँमा पनि छैन । त्यसै बेला मलाई एकजना कमरेडले फेसबुकमा हजारौँ थवाङी जनता तपाईंको सम्झनामा रोइरहेको र श्रद्धाञ्जली दिइरहेको फोटो देखाएपछि मात्र मलाई विश्वास भयो, थवाङले फेरि एउटा असल सपूत गुमाएछ । म भावुक भएँ । थवाङी जनतासँगसँगै श्रद्धाञ्जली दिन पाइनँ । आँसु मिसाउन पाइनँ तर एकान्तमा केवल मैले एक्लै शिर झुकाएँ । आँखाबाट आँसु झरिरह्यो । मेरो आँखामा त्यो दिनभर कमरेड उज्ज्वल तपाईं नै आइरहनुभयो । मेरो मस्तिष्कमा तपाईं नै छाइरहनुभयो । त्यो दिनभर मेरो न पढ्ने-लेख्ने, न अरू कुराकानी र कामकाज गर्न नै जाँगर लाग्यो । लामो मौनतापछि कम्प्युटर खोलेँ र तपाईंका बारेमा वातचित शैलीमा केही भावनाहरू पोखेपछि मात्र मेरो मन अलि शान्त र हल्का भयो । ढिलै भए पनि, शब्दबाटै भए पनि कमरेड हार्दिक हार्दिक श्रद्धाञ्जली छ ! साथै शोकाकुल परिवारजन, समस्त थवाङी जनता र नेकपा थवाङका सम्पूर्ण कार्यकर्ताहरूमा समवेदना छ । यस घडीमा शोकलाई शक्तिमा बदल्दै उहाँका अधुरा इच्छा र उद्देश्यहरू पूरा गर्न सबैले प्रण गरौँ ।

हो, यसरी नै कमरेड रिङ (आदरणीय मामा कमान झाँक्री, भिनाजु साङ, ताराप्रसाद, रुजबहादुर रोका, सूर्यबहादुर रोका, बैनी लली रोका, दाइ दिलमान रोका र दाइ दिलकुमार बुढा, कमलबहादुर रोका, सहयोद्धा नेहरु रोका, धनप्रसाद बुढाहरूको सन्दर्भमा पनि भयो । कमरेड उज्ज्वललाई सम्झिरहँदा मेरो मस्तिष्कमा मेरा यी पुराना साथीहरू, सहयोद्धाहरू र गुरुहरूको सम्झना आइरह्यो र मैले यसरी नै मौन श्रद्धाञ्जली दिएँ । मलाई लाग्छ, यो केवल भावावेश होइन । यो विचार र भावना मिश्रित समवेदना हो । विचारको सवालमा लामो समय एउटै विचार एउटै उद्देश्यका लागि लडिरह्यौँ । हाम्रो दुस्मन एउटै थियो । हाम्रो लक्ष्य एउटै थियो । हाम्रो उद्देश्य साझा थियो । हामी साझा उद्देश्यका लागि बलिदान दिन तयार थियौँ । भावनाको सवालमा हामी एउटै गाउँले थियौँ, एउटै ठाउँ, सँगै खेलेको, सँगै हुर्केको, लडेको, हरेक दुःख-सुखमा सहभागी भएका सहयोद्धा थियौँ । त्यसैले भावनात्मक रूपले पनि नजिक थियौँ । यी दुईको कुल योगमा विचार नै प्रधान हो र हाम्रो लक्ष्य, उद्देश्य हासिल गर्ने वैचारिक राजनीतिक पक्ष नै प्रधान पक्ष हो । यस हिसाबले पनि एकजना सहयोद्धा गुमाउँदाको बिछोडको पीडाले पिरोल्दा कति धौ हुन्छ, त्यो स्वाभाविकै हो । यसले मलाई निकै मर्माहत बनायो नै । यस्तै थवाङका समस्त पार्टी, कार्यकर्ता, सहयोद्धा, दौँतरी र एकजना जनप्रतिनिधिको हैसियतले त्यहाँका जनता यस्तै भावविह्वल हुनु र दुःख पर्नु पनि स्वाभाविक छ । मानवीय स्वभाव नै यस्तो छ, सधैँभरि परिवार, दौँतरी, प्रियसी, सहयोद्धा, जनता र कार्यकर्ता सँगै रहन पाए हुन्थ्यो भन्ने हुन्छ तर यथार्थ भने उल्टो छ । बा-आमा, श्रीमान्-श्रीमती, बाआमाको छोरा-छोरीसँग, दुई प्रियसीका बीच, नेताहरूबीच, सहयोद्धाहरूबीच, नेता र कार्यकर्ताबीच कुनै न कुनै रूपबाट बिछोडिनु पर्ने । बिछोड हुँदा वा छुट्टिँदा पीडाबोध हुने, दुःखमनाउ हुने र मिलन हुँदा रमाइलो र आनन्द हुने यो जैविक नियम हो । यो चेतनशील मानवजीवन र अचेतनशील प्राणी जगत् सबैमा लागू हुन्छ । चेतनशील र सामाजिक प्राणी भएको नाताले मानव जातिले यसको मात्रा बढी महसुस गर्ने पनि स्वाभाविक हुन्छ तर प्राणी जगत् नबोल्ने भएकाले प्रत्यक्ष बोध नहुने गरी हुन्छ । अझ रुख, वनस्पति जगत्मा झन् अबोध रूपमा हुन्छ । यस नियमबाट हामी कोही पनि अछुत रहन सक्दैनौँ ।

जहाँसम्म जीवन र मरण (जन्मने र मर्ने) कुरा छ यो एक प्राकृतिक नियम हो । सजीव प्राणी वा निर्जीव वस्तु पनि जन्मन्छ र मर्दछ । सबैको आयु हुन्छ । हरेक प्राकृतिक वस्तुको पनि ग्यारेन्टी हुन्छ । कति बाँच्ने/रहने यथास्थितिमा भन्ने समय अवधि हुन्छ सबैको । निश्चित अवधि वा समयपछि त्यो अर्को वस्तुमा रूपान्तरण हुन्छ वा बदलिन्छ । जस्तै कुनै पनि मानवनिर्मित वस्तुमा ग्यारेन्टी वा वारेन्टी तोकिएको हुन्छ । पृथ्वी, ब्रह्माण्ड, सौर्य परिवार, ग्रह, उपग्रह, पृथ्वीमा उपलब्ध हरेक वस्तुहरूको आयु हुन्छ । ठीक त्यस्तै मान्छेको पनि आयु हुन्छ । मान्छे जन्मनु र मर्नु नियमभित्र पर्दछ खैर यति मात्र हो कहिले मर्ने, कसरी मर्ने भन्ने कुरा मात्र अज्ञात हुन्छ । मर्नुका दुई प्रक्रिया छन्- पहिलो स्वाभाविक मराइ र दोस्रो आकस्मिक मराइ (अर्थात् असामयिक निधन भनिन्छ) । स्वाभाविक मराइ भन्नाले उसको बाँच्ने पूर्ण समय कटाएर मर्नु र आकस्मिक मराइ भन्नुको अर्थ मर्ने पूर्ण उमेरभन्दा अगाडि नै कुनै प्रकारले आकस्मिक मृत्यु हुनु । आकस्मिक मृत्यु पनि केही दुर्घटनामा परेर, कोही आत्महत्या गरेर, कोही कुनै महामारी वा रोगविशेषका कारण त कोही आपसमा झगडामा काटमार गरेर, कुनै द्विपक्षीय समूह-भिडन्तमा त कोही वर्गीय लडाइँ वा सङ्घर्षमा र लाखौँ मान्छेहरू त राज्य-राज्यबीचका स्वार्थपूर्ण युद्धहरूमा मरिरहेका छन् । जस्तै भारत र पाकिस्तानबीचको कास्मिरी सीमा युद्ध, सिरियाको युद्ध, न्युजिल्यान्ड र श्रीलङ्काका चर्च र मस्जिदमा भएका धार्मिक हत्याकाण्डहरू, दिनदिनैजसो भैरहेका आत्मघाती बमकाण्डहरू आदि ।

आजको समाज वर्गसमाज हो । वर्गसमाजमा मान्छे पनि वर्गीय छ । आजको समाज शिक्षित र वैज्ञानिक समाज पनि हो । वर्गसमाजले वर्गसत्ता जन्माएको छ र वर्गसमाजले मानव-मानवबीचमा असमानता जन्माएको छ । त्यही असमानताले अनेकथरी स्वार्थ र उत्पीडनहरू जन्माएको छ । उत्पीडनले वर्गसङ्घर्षलाई जन्म दिएको छ । वर्गसङ्घर्षले नै ठूलठूला युद्ध र नरसंहारकारी विश्वयुद्धजस्ता घटनाहरू निम्त्याएको छ । मान्छेले बम, अणु बम, हाइड्रोजन बम, बन्दुक, मेसिनगन, मिसाइल किन बनायो ? मान्छे मार्न त हो । आज सबैभन्दा बढी र खतरनाक मिसाइल अमेरिकासँग छ र उसले कुनै पनि राष्ट्रलाई मिसाइल बनाउन दिँदैन । उत्तरकोरियासँगको झगडा ‘किन मिसाइल बनाइस्, बन्द गर’ भनेर भैरहेको छ भने इरानमाथि आक्रमण सुरु गरेको छ । त्यो पनि इरानको ‘परमाणु कार्यक्रम’ रोक्नलाई हो । आफूसँग जति पनि हुने र राख्न हुने, अरूलाई आत्मरक्षाका लागि बनाउन पनि नदिने अमेरिका अहिले सबैमाथि बहुला कुकुरझैँ झम्टिरहेको छ । मान्छे भटाभट मारिरहेको छ तर अरूलाई शान्तिको उपदेश दिइरहेको छ । यी तमाम कुराहरू वर्गसमाज र वर्गस्वार्थका कारण जन्मेका हुन् । मान्छे विश्वभर दिनमा हजारको दरले मर्ने र त्यसको तीनगुणाको दरले जन्मने भैरहेको छ । यसले समाजमा जनसङ्ख्या गुणात्मक रूपले बढ्दो छ र ठूलठूला प्राकृतिक र मानवीय सङ्कटहरू आइरहेका छन् । यसले ठूलठूला लडाइँ र नरसंहारलाई निम्त्याइरहेको छ । मर्ने मान्छे नै हो, दैनिक कति मरिरहेका छन् । आर्यघाट, स्वयम्भु, बौद्धघाट, देशैभरिका घाटहरूमा दैनिक कति मान्छे खरानी भैरहेका छन् । यी सबै मृत्युहरू मान्छेले नभोगिनहुने, पार नगरिनहुने नियम हुन् ।

त्यसैले आज मान्छेको एक हिस्सा मान्छेको आकस्मिक मृत्युलाई न्यूनीकरण गर्न सचेत रूपले लागिपरेको छ । यसमा तात्कालिक हिसाबले डाक्टरहरू र दीर्घकालीन हिसाबले कम्युनिस्टहरू लागिपरेका छन् । मान्छेको स्वाभाविक मृत्युलाई त कसैले रोकेर रोक्न सक्दैन तर आकस्मिक मृत्युलाई केही हदसम्म कम गर्न सकिन्छ । बिरामी र स्वास्थ्यसम्बन्धी विषयमा डाक्टरहरूले यसमा भूमिका निर्वाह गरिरहेका हुन्छन् जसले तात्कालिक मृत्युको मिति (Date of death line) लाई अलि पर सारिदिन्छन् । तर कम्युनिस्टहरू मानव समाजको सबभन्दा सचेत मानव समूह भएकाले उनीहरू स्थायी शान्ति चाहन्छन् र समाजमा व्याप्त असमानताको अन्त्य गरेर वर्गसमाजकै अन्त्य गर्न चाहन्छन् । यसको गन्तव्य वैज्ञानिक समाजवाद र साम्यवाद हो भनेर ऐलान गर्दछन् । यो भनेको साम्राज्यवाद र आधुनिक निगम पुँजीवादको अन्त्य गरेर समस्त मानवसमाजलाई एउटै मानव जातिमा बदल्ने र सम्पूर्ण युद्धहरू, सङ्घर्षहरू र सबै प्रकारका हिंसाका स्रोतहरूको अन्त्य गर्ने कुरा हो । यो भनेको मानवसमाज र मानव जातिबाट सदाका लागि अशान्ति र युद्धको अन्त्य गर्ने कुरा हो । त्यसकारण दीर्घकालीन हिसाबले मानव जातिको युद्ध र आकस्मिक सामाजिक हिंसाहरूबाट मानव समाजलाई मर्नबाट बचाउने सबभन्दा उत्तम तरिका कम्युनिस्टहरूले उठाइरहेको मुद्दा हो । यो मानव जातिलाई अनावश्यक मृत्युबाट रोक्ने उत्तम उपाय हो । तात्कालिक हिसाबले पनि कम्युनिस्टहरू समाजको वैज्ञानिक चेतनाले युक्त मानिस भएकाले उनीहरू सचेतन मृत्युलाई सकार्दछन् । जस्तै सहिद बन्नु । सहिद बन्नु समाजका धेरै मान्छेहरूलाई आकस्मिक वा दीर्घकालीन घटना/दुर्घटना वा धेरै ठूला हिंसात्मक घटनाहरूबाट आम जनतालाई बचाउने सचेतन मृत्युको प्रक्रिया हो । बलिदान गर्नु आत्महत्या होइन । आत्महत्या अपराध हो । बलिदानी भावना सहिद बन्नु हो र सहिद बन्नु मरेर पनि बाँच्नु हो । कम्युनिस्टहरू भन्ने गर्दछन् एकथरी मानिसहरू बाँचेर पनि मर्दछन् भने एकथरी मानिसहरू मरेर पनि बाँच्दछन् । उदाहरणको लागि जनयुद्धका सहिदहरू मरेका होइनन्, जीवनलाई अमरत्व दिएका हुन् । तर प्रचण्डहरू बाँचेर पनि मरे । यही हो कम्युनिस्टहरूको जीवन र मृत्युको परिभाषा ।

म कम्युनिस्ट हुँ, त्यसैले मैले मृत्युलाई बुझेको छु । म मान्छे हुँ, त्यसैले ममा भावना पनि छ । मलाई थाहा छ मान्छे एक दिन मर्नै पर्दछ । एक मान्छेले एकैपटक मर्ने हो, दुईपटक होइन । फेरि पनि मेरा आफन्त, मेरा साथीभाइ नालनाता, सहयोद्धा मर्दा म किन रुन्छु, मलाई किन पीडाबोध हुन्छ, ममा किन समवेदना पैदा हुन्छ, मेरो आँखाबाट आँसु किन झर्छ ? किनकि ममा चेतना र भावना छ । फेरि म संयमित हुन्छु किनकि ममा चेतना र विचार पनि छ । मैले मृत्युलाई राम्ररी बुझेको छु किनकि म एक कम्युनिस्ट पनि हुँ । म मृत्युलाई स्वाभाविक ठान्छु तर कमरेड उज्ज्वलको निधनमा किन म मर्माहत भएँ अथवा मेरा कुनै पनि सहयोद्धा, नाता, आफन्त मर्दा किन मर्माहत हुन्छु ? किनकि उहाँहरू मेरो एक असल कमरेड, असल नातेदार, असल छिमेकी, हाम्रो पार्टीको एक असल क्याडर, एक सहयोद्धा हुनुहुन्थ्यो । उहाँसँग मेरा धेरै बाचाहरू थिए । सँगै लड्ने सँगै मर्ने आदि । त्यसैले क. उज्ज्वलप्रतिको भावना वर्गीय भावना पनि हो र मानवीय भावना पनि हो । त्यसैले म उहाँका सन्दर्भमा यति मात्र भन्न चाहन्छु- कमरेड, हामी एउटा लक्ष्य र उद्देश्य बोकेर एक महान् यात्रामा सँगै बयलि खेल्दै सहयात्री भयौँ । सहयात्राकै क्रममा आज तपाईं आकस्मिक रूपले हामीबाट बिदा हुनुभयो । भोलि हामीले पनि तपाईंकै पथ पछ्याउने हो तर यो यात्रामा रहँदाजेल हाम्रा बाचाहरू अझै पूरा भएका छैनन् । हाम्रो गन्तव्य अझै बाँकी छ । तपाईंहामीले सुरु गरेको अभियान अन्तिमसम्म जान्छ, यसमा कुनै शङ्का छैन । अधुरा कार्यहरू पूरा गर्न म पनि अन्तिमसम्म कर्तव्यबाट पलायन हुनेछैन । थवाङ र थवाङी जनताको आशामा कुठाराघात गर्नेछैन र क्रान्तिको निरन्तर यात्रालाई जारी राख्नेछु ।

अन्तिममा प्रत्यक्ष साक्षात हुन नसके पनि शब्दबाट श्रद्धासुमन छ । श्रद्धाञ्जली ! श्रद्धाञ्जली ! श्रद्धाञ्जली !

## कालीकोटका ...

रणदीपले देशको ढुकुटी खत्तम पारेर लुट मच्चाउने भ्रष्ट जनप्रतिनिधि र देशका भ्रष्ट दलालहरूविरुद्धको लडाइँमा साथ दिन सुरक्षाकर्मीसँग अनुरोधसमेत गरे ।

शान्तिपूर्ण तरिकाले कार्यक्रम गर्न पाउने अधिकारलाई सरकारले प्रतिबन्ध लगाएकाले आफूहरू बाध्य भएर सङ्घर्षमा जानुपरेको नेता रणदीपले बताए । उनले यही सङ्घर्षको क्रममा झुट्ठा मुद्दा लगाएर गिरफ्तार गरिएका नेकपाका नेता तथा कार्यकर्ताहरूलाई बिनासर्त रिहा गर्न सरकारसँग माग गरे । गिरफ्तार आफ्ना नेता तथा कार्यकर्तालाई बिनासर्त रिहा नगरेमा पार्टी थप सशक्त सङ्घर्षमा जाने चेतावनी दिँदै उनले त्यसबाट उत्पन्न हुने परिणामको भागीदार सरकार स्वयम् हुने बताए ।

गत मङ्गलबार राती स्थानीय बासिन्दाले नरहरिनाथ गाउँपालिकाको कार्यालय जलाएपछि सरकारले ठूलो मात्रामा प्रहरी परिचालन गरेको हो । जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रमुख डीएसपी विनोद शर्माले जिल्लाका हरेक स्थानीय तहमा एकजना असईको नेतृत्वमा एकजना हवल्दार र चारजना जवान गरी ६०६ जनाको टोली चौबीसै घन्टा सुरक्षाका लागि खटाइएको पुष्टि गरे ।

कालीकोटका जिल्ला प्रहरी कार्यालयका प्रमुख डीएसपी विनोद शर्माको नेतृत्वमा जिल्लाको सान्नित्रिवेणी गाउँपालिकाका मुम्रा लेक, रास्कोट हुँदै पचालझरनाको लेकाली क्षेत्रतिर र प्रहरी इन्सपेक्टर देवेन्द्रकुमार मल्लको नेतृत्वमा जिल्लाको नरहरिनाथ गाउँपालिका र सान्नित्रिवेणी गाउँपालिकातिर केन्द्रित गरी नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले नेकपाविरुद्ध अप्रेसन सुरु गरेको बताइएको छ ।

नेकपाविरुद्धको गाउँ अप्रेसनमा रहेका डीएसपी शर्माले आफूहरूले नेकपाको कालीकोट जिल्ला समितिमा रहेका ८८ जना नेताहरूको घरघरमै पुगेर गिरफ्तार गर्ने बताए । उनले भने, ‘हामीले गाउँमा नेकपाविरुद्ध अप्रेशन सुरु गरेका छौँ । चारैतिरबाट घेराबन्दी गरेर नेकपा कालीकोटका नेताहरूलाई पक्राउ गर्छौं ।’

## केपी सरकारको ...

चौतर्फी असफल र बदनाम हुँदै गएको छ । उसले गरेका राष्ट्रघात, भ्रष्टाचार, तस्करी, कमिसनखोरी, सामाजिक असुरक्षा, महँगी र दमनप्रति जनता आक्रोशित बन्दै गएका छन् । कैयौँले यो मण्डलीको दिनगन्ती सुरु भएको घोषणा गरेका छन् । त्यही असफलताको छटपटीमा जनताको माया पाइरहेको हाम्रो पार्टीमाथि घोर फासिवादी दमन गरिरहेको छ ।

राणाहरूले जनसङ्घर्ष र परिवर्तनका योद्धाहरूलाई रूखमा झुन्ड्याए, पञ्चायतले क्रान्तिकारी योद्धाहरूलाई सुखानी र भिमानका जङ्गलमा गोली दागेर, काङ्ग्रेस–एमालेले सारा गाउँहरूलाई नै रक्तकुण्डमा बदलेर साथै खाग–उजाड बनाएर सत्तामा टिक्ने सपना देखेजस्तै केपी वलीको सामाजिक दलाल पुँजीवादी सरकारले आततायी हत्याकाण्ड मच्चाएर सत्तामा टिक्ने सपना देखिरहेको छ । उसले सोचिरहेको होला- केही उत्तेजनात्मक कारबाही गरेर, कुनै पनि रूपको दुर्घटना गराएर नेकपा र एकीकृत जनक्रान्तिलाई समाप्त पारिनेछ र सत्ताभोग गरिरहिनेछ । यो अयोग्य, अनैतिक, ठग, वञ्चक, आततायी सरकारको दिवास्वप्न मात्र हो ।

कमरेड कुमार पौडेल र कमरेड राजुको सहादतले परिवार र पार्टीलाई मात्र होइन, देश र श्रमिक जनतालाई पनि अपूरणीय क्षति भएको छ । उहाँहरू होनहार युवा प्रतिभाहरू हो । कुमार पौडेल त सर्लाहीको राम्रो भविष्य बोकेको नेता हो । सायद उनीहरूले योजनाबद्ध रूपले यो हत्याकाण्डको प्रपञ्च रच्नुको कारण पनि यही हो । तर इतिहासले के साबित गरेको छ भने हरक्रान्तिले आफ्ना उत्तम प्रतिनिधिहरूमध्येकै बलिदानको मूल्यद्वारा पूर्णता प्राप्त गर्दछ । असल प्रतिभा र प्रतिनिधिहरूको बलिदान संवेदनशील हुने भए पनि उनीहरूको बलिदान खेर जाँदैन । त्यसले कैयौँ होनहार उत्तराधिकारीहरूको जन्म गराउँछ । राणाहरूले चारजना योद्धाहरूलाई झुन्ड्याए तर राणाशासन नै समाप्त भयो । पञ्चायतले सयौँलाई हत्या गऱ्यो तर ऊ नै समाप्त भयो । जनयुद्धमा हजारौँ योद्धाहरूको सहादत भयो तर हत्याराहरू नै जनताको बीचबाट समाप्त हुँदै गए । आज केपी–बादलले दमनबाट सत्तामा टिक्ने कल्पना गरेका छन् तर त्यो केवल दिवास्वप्न मात्र हुनेछ । क्रान्तिकारीहरूको सहादतले केपी–बादलहरूको खाल्डो खन्ने हजारौँ–लाखौँ क्रान्तिकारी योद्धाहरूको जन्म गराउनेछ ।

नागरिकहरूलाई हामीले हरदम भन्दै आएको कुरा हो- केपी सरकार दलाल पुँजीपति वर्गको पहरेदार र कठपुतली मात्र हो । यो श्रमिक जनताको प्रतिनिधित्व गर्ने सरकार होइन । कम्युनिस्टको त हुँदै होइन । यसको केन्द्रमा जनता र देशको सुखसमृद्धि छैन । ठीक उल्टो मुठीभर दलाल पुँजीपतिवर्गको लुटलाई संरक्षण गर्ने, दलाल वर्गसँगै मिसिएर आफ्नो सानो हिस्सालाई धनाढ्य वर्गमा उठाउने, सत्ताको मोजमस्ती उडाउने र जनतामाथि रजाइँ चलाउने सोचाइ छ । यसले हामी क्रान्तिकारीहरूलाई मात्र होइन, समाजका हरक्षेत्रका जनता र समुदायलाई फासिस्ट दमन गर्ने चरित्र बोकेको छ । यसका असरहरू चारैतिर देखिन पनि थालिसकेका छन् । त्यसैले यो सामाजिक दलाल पुँजीवादी सरकारका विरुद्ध सबै न्यायप्रेमी, देशभक्त, लोकतन्त्रवादी, कम्युनिस्ट शक्ति र व्यक्तित्वहरूले संयुक्त रूपमा प्रतिरोध गर्नुपर्ने आवश्यकता देखापरेको छ ।

केही सन्तोषको कुरा के छ भने केपी सरकारको अत्याचार र दमनविरुद्ध सबै क्षेत्रबाट विरोध सुरु भएको छ । पत्रकार, मानवअधिकारवादी, नागरिक समाज, कवि, साहित्यकार, कलाकार, सामाजिक सङ्घसंस्थाले मात्र होइन, राजनीतिक पार्टी, स्वयम् सरकार सञ्चालन गरिरहेको नेकपाभित्रका कैयौँ नेता र संसद् सदस्यहरूले पनि विरोध गरिरहेका छन् । यसले नेपाली जनता र समाजको न्यायप्रेमी, परिवर्तनकारी प्रवृत्तिको अभिव्यक्ति गर्दछ । दमननिरुद्ध उत्रिने सबैप्रति हाम्रो विशेष सम्मान र समर्थन रहेको छ । हामी देशलाई वास्तविक परिवर्तनकारी निकास दिन सबैसँग हातेमालो गर्न तयार छौँ ।

केपी–बादलले समयमै बुझे हुन्छ- राज्यआतङ्क र दमन न्यायपूर्ण आन्दोलन र क्रान्तिको समाधान कदापि हुन सक्तैन । दमनले क्रान्तिकारीहरूतर्फ केही क्षति हुनसक्छ तर क्रान्तिको अन्त्य सम्भव छैन, बरु त्यही दमन शासकहरूको काया समाप्त पार्ने अस्त्र बन्नसक्छ । बलिदानहरू भौतिक भावनामा केही पीडादायी अवश्य हुन्छन् तर क्रान्तिमा बग्ने रगत यस्तो ज्योति हो जसले सयौँ वर्ष पछिसम्म पनि क्रान्तिका संवाहकहरूलाई मार्गनिर्देश गरिरहन्छ । कमरेड कुमार र कमरेड राजुले एकीकृत जनक्रान्तिमा बगाएको रगतले हामीलाई युगयुगसम्म प्रज्वलित गरिरहनेछ । उहाँहरूप्रति धेरैधेरै सम्मान र श्रद्धाञ्जली !

# प्रतिबन्ध र एकीकृत जनक्रान्ति



आधार

;'"gfk|jlwsf lf{gdf ePsf]cbe't ljsf;n]dfgj hflt nf0{lxt ug{kg{[j}Lflgs oUdf /fHon]g} o;sf]b?kof{u u/L dfgjclwsf/sf]3f/ pNn3g ug{cf0{Lsf]lf{gdf sk| ;/sf/ gfdsf]afF/sf xftsf]gl/jn ;flat xg kU{sf]5 . jf:tljs cy{df ;/sf/n]g};f0a/ qmf0d ul//x{sf]5 . Psflt/ dfaf0{n nf{s];gåf/f /fhg]tfx¿ lu/^tf/ ug{csf[t/ t:s/L / anfTsf/Ldf cfF/f lrDd ug{ slt;Ddsf]nfhddbf[;jfn xf].

काठमाडौँको सत्तामा दुईतिहाइ नामधारी कम्युनिस्ट सरकारले चकचकीपूर्ण रोटे पिङ खेलिरहेको छ । चकचकी मात्र होइन, सबैले ठम्याउन सक्ने प्रकारको रगरगीले जनमानसलाई सताइरहेको छ । कथित कम्युनिस्ट सरकारका तर्फबाट यतिविधि उत्ताउलो रवैया सवार किन भैरहेको छ ? यसका पछाडि केही कारणहरू अवश्य छन् । यो कुनै नयाँ वैज्ञानिक विचार, आदर्श र निष्ठामा आधारित कम्युनिस्ट सरकार होइन, बरु जर्मनका निम्नपुँजीवादी, मजदुर आन्दोलनका अवसरवादी नेता एडवर्ड बर्नस्टिनको (सर्वहारा वर्गको अधिनायकत्व होइन, आलोचनाको स्वतन्त्रतासहितको व्यवस्था) संशोधनवादी विचारमा आधारित नक्कली कम्युनिस्टको जनविरोधी, राष्ट्रघाती, बुख्याँचा सरकार हो । यसको दृष्टिकोण भौतिकवादी (मार्क्सवादी) नभै आदर्शवादी (अध्यात्मवादी) नै हो । फ्रान्सका मिलेराँ, जर्मनीका सिदेमान, गोत्से, हल्याण्डका ट्रोयल्स्ट्रा, भारतका ज्योतिवसुका सन्तानहरू नेपाली कम्युनिस्ट आन्दोलनमा पनि जन्मिए । जो बलिदानको भऱ्याङ चढी पुँजीवादी-संसद्वादी सत्ता र सरकारमा गएर पद, प्रतिष्ठा र पैसाकै ध्याउन्न गर्छन् र मार्क्सवादी वर्गसङ्घर्ष, जनविद्रोह, क्रान्तिको गला रेट्छन् । यही क्रममा कम्युनिस्ट प्रकृतिको नेपाली जनजीवनलाई मदन भण्डारीको बहुदलीय जनवादको संशोधनवादी विचारले ललीपपरूपी चुनावी सुधारवादमा फसायो । परिणामस्वरूप मनमोहन अधिकारीलाई संवैधानिक राजतन्त्रात्मक संसदीय सरकारको प्रधानमन्त्रीमा पुऱ्याएर संशोधनवादको न्वारन गरिसकेको कुरा सर्वविदितै छ ।

झापा आन्दोलनलाई दुत्कार्दै संसद्वादको नेपाली यात्रा अख्तियार गरेको एमाले जो मिलिजुली सरकारको पर्याय साबित हुँदै सङ्कटपूर्ण अवस्थामा अघि बढिरहेकै थियो । अर्कोतिर जनयुद्धको बन्दुक बुझाएर राज्यको बन्दुक समात्न पुगेको प्रचण्ड–बाबुरामको यात्रा विसर्जनवादी भिरको कुन्जिडोभैँ निसासिँदो अवस्था बेहोरिरहेको थियो । काङ्ग्रेस वृत्तबाट बाबुरामको संसद्वादी अस्तित्वरक्षा हुन पुग्यो भने एमाले-माकेको अस्तित्व सङ्कटको अभिव्यक्तिले वाम गठबन्धनको रूप धारण गर्न पुग्यो जसलाई कम्युनिस्ट एकताको भ्रमजालले फराकिलो पाऱ्यो । कम्युनिस्टप्रेमी जनमतमा धनमत, डनमत, खुराफात र प्रशासनिक गैरहर्कत छपस्ट पार्न लाज नमान्दा सामाजिक दलाल पुँजीवादी कम्युनिस्टको दुईतिहाइ बहुमत हुन पुग्यो ।

जस्तै दलाल पुँजीवादी सत्ताको लोकतान्त्रिक वा गणतान्त्रिक सरकारका दुई खुड्डा अवश्यम्भावी हुने कुरा राजनीतिक चेतना हुने जोकोहीलाई थाहा छ : एउटा दलाल पुँजीवादी, अर्को सामाजिक दलाल पुँजीवादी । दलाल पुँजीवादको सेतो घोडा बनेर हिनहिनाउँदै आएको नेपाली काङ्ग्रेस आन्तरिक कलहको भार र जनविकर्षणको मारले थिल्थिलिएकै थियो । त्यही निम्छरो काङ्ग्रेसी खालमा सामाजिक दलाल पुँजीवादी कम्युनिस्टहरूले शकुनी-पासा खेल्न सफल भए । त्यति मात्र होइन, वाम गठबन्धनको हुलभेलले भ्रष्टाचार र माडेहरूवाट आर्जित धनको च्याप्टिङमा भोजभतेर लगाएर सर्वसाधारण जनसमुदायको सुधोपनमा ब्वाँसाको चाल चाले । भोट नहाले सरकारी सेवासुविधाबाट वञ्चित हुने त्रासदीको घेराबन्दीमा समेत पार्न सफल भए । व्यापक एनजीओ र आईएनजीओमार्फत वैदेशिक ऋणको सुधारवादी विकासे कनिका छरेर सर्वसाधारण जनतालाई लोभ्याउँदै संसदीय चुनावी जालमा फसाउन सफल भए । बेलगाम हत्या, हिंसा, बलात्कार, भ्रष्टाचार, लुटखसोटका योजनाकार हरूलाई शक्तिशाली वैधानिक छहारी आवश्यक थियो । उनीहरूको लगानीको परिणाम पनि त हो दुई तिहाइको सरकार । वैदेशिक शक्तिकेन्द्रहरूको नेपालको सत्ता र सरकार आआफ्नो अनुकूल बनाउने सहमतिका कारण नवदलालहरूका पक्षमा दुईतिहाइ बहुमत देखाइयो । सारतः नवदलालहरूको हुतिहारा लाछीपनमार्फत नेपाली अस्मिताभित्र घुस्ने र चुस्ने अनि आआफ्ना अभीष्ट पूरा गर्न सामाजिक दलाल चरित्रको पुँजीवाद ओकल्ने रणनीतिको परिणाम हो काठमाडौँको बहुमतीय साँढे सरकार ।

सामाजिक दलाल पुँजीवादी कम्युनिस्टको साम, दाम, दण्ड, भेदको घेरा तोड्ने जनसमुदायको सामर्थ्यमा केही कमी देखियो तापनि नेपाल कम्युनिस्ट पार्टीको चुनाव खारेज अभियानको धक्का र बहिष्कारणको योगमा नेपालको बहुमत जनसङ्ख्या भने संसदीय व्यवस्थाको फोहोरी खेलभन्दा बाहिरै रहेको कुरा नै धरातलीय यथार्थ हो । एकातिर काण्डैकाण्डको खेतीपातीका कारण बढ्दो जनअविश्वासजडित दम्भी केपी सरकारको असफलता र पार्टी अन्तरकहल, अर्कोतिर नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा दिन दुई गुणा, रात चौगुणा लोकप्रियता हासिल गरिरहेको एकीकृत जनक्रान्तिको धक्काले अत्तालिनुको अभिव्यक्ति नै प्रतिबन्ध हो । 'नपाउनेले केरा पायो, बोक्रैसँग खायो' भनेभैँ ।

ऋजिङ्गार बन्ने ध्याउन्नमा 'अन्धो' र ' बहिरो' बनेको सरकारको सक्कली चेहरामार्फत सामाजिक फासिवादको दुर्गन्ध ओकल्याइ पनि हो छन्दछन्दको प्रतिबन्ध । सुनिएर मोटाएको दुईतिहाइ बहुमतीय अहंकारको अभिव्यक्ति पनि हो जनगणतन्त्रमाथिको कथित गणतान्त्रिक प्रतिबन्ध ।

आजपर्यन्त नेपाली श्रमजीवी जनताले महँगी, भ्रष्टाचार, व्यभिचार, अत्याचारमाथि प्रतिबन्ध लगाइदिएको छ तर सामाजिक दलाल सरकारको कथित सङ्घीयताको छहारीमा संस्थागत रूपमै महँगी, भ्रष्टाचार, लुट, व्यभिचार, अत्याचार मौलाइरहेको छ । राष्ट्रघात, जनघात नेपाली जनसमुदायका प्रतिबन्धित विषय हुन् तर सामाजिक दलाल सरकारको प्राण नै त्यही कुकर्ममा छ । यही तथ्यलाई विषयान्तर गरी ब्रह्मलुट मच्चाउन र निरोभैँ बाँसुरी बजाउनकै लागि प्रतिबन्धको डङ्का फिँजाइएको छ । भ्रष्टाचार, अन्याय र अत्याचारले सीमा पार गर्दा बाध्य भएर नेपाली जनताले नेपाल कम्युनिस्ट पार्टीको नीतिअनुसारको जनअदालतमा मुद्दा दायर गरिरहेका छन् । यसबाट अत्तालिएर सौताको रिसले लोग्नेको ओछ्यान फोहोर पार्ने भनेभैँ जनविद्रोह थाम्ने तार्किक सामर्थ्य गुमाउँदाको परिणाम पनि हो कथित प्रतिबन्ध ।

नेपाल कम्युनिस्ट पार्टी शान्ति, समानता, स्वाधीनता र समृद्धिका लागि वैज्ञानिक समाजवाद प्राप्तिको मार्गमा छ । वैज्ञानिक समाजवाद एकीकृत जनक्रान्तिबाहेक अन्य तरिकाले प्राप्त हुन नसक्ने कुरा ठोकुवा गर्न सकिन्छ । आज पुँजीवादी संसदवादी धारा वैज्ञानिक समाजवादी धारालाई तोडमरोड गर्ने प्रपञ्चमा अग्रसर छ । यही क्रममा एकीकृत जनक्रान्तिमाथि प्रतिबन्ध लगाएर देशलाई फेरि गृहयुद्धमा ठेल्दै सामाजिक फासिवादको सेतो घोडा चढी राष्ट्रघात र जनघात गर्ने केपी सरकारको माखेदाउभित्र वैदेशिक प्रभुहरू रिझाउने र असली नोकर र दलाल बन्ने होडबाजीको सार लुकेको छर्लङ्गै देखिन्छ ।

वास्तविक अर्थमा प्रतिबन्ध सामाजिक फासिवादको घोषित अभ्यास हो । पुँजीवादी संसदीय व्यवस्था लोकतान्त्रिक भयो भन्ने देखाउने दाँत हो भने राजनीतिक अधिकारको स्वतन्त्रताबाट वञ्चित गर्ने कानुन र बन्दुकको दुरुपयोग गरेर राज्यआतङ्क मच्चाउनु चपाउने दाँत हो ।

सामाजिक दलाल पुँजीवादको विकास नै सामाजिक फासिवाद हो भने

एकीकृत जनक्रान्तिको विकास नै वैज्ञानिक समाजवाद हो ।

नेपाल कम्युनिस्ट पार्टीले अघि सारेको वैज्ञानिक समाजवाद भनेको त साम्यवादको सारतत्वसहितको पूर्ण जनवाद हो । यो नै मार्क्सवादको विकसित वैचारिक शृङ्खला हो । नेपालमा साँचो अर्थको कम्युनिस्ट सत्ता र सरकार हुन्थ्यो भने एकीकृत जनक्रान्तिको वैज्ञानिक समाजवादी यात्रालाई रोक्न राज्यसंयन्त्रको दुरुपयोग गर्दैनथ्यो । तर केपी सरकारले कम्युनिस्टका नाममा वैज्ञानिक समाजवादको गला रेटिरहेको छ । दलाल पुँजीवादी लोकतान्त्रिक व्यवस्था र सामाजिक दलाल पुँजीवादी गणतान्त्रिक सरकारका जनविरोधी र राष्ट्रघाती कुनै पनि कदमको पूर्ण रूपले खारेज गरी वैकल्पिक राज्यप्रणालीको सुस्पष्ट खाका अघि सारेर एकीकृत जनक्रान्तिमा हेलिइरहेको पार्टीमाथिको प्रतिबन्धको कुनै तुक छैन । दर्ता नै नभएको नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाएँ भनेर आत्मरति लिनु भनेको त हुटिट्याउँले आकाश थामेँ भनेजस्तै होइन र ?! तर सारा क्रान्तिप्रेमी र राष्ट्रवादीहरूले झ्याप्ट लगाउँदा भने पार्टीमाथि प्रतिबन्ध होइन भन्न लाज मान्दिन । पाँच वर्षसम्म केपीको लालमोहरबाट चुपचाप बलात्कृत भैरहने हो भने संसद्वादी पार्टी र दलहरूमाथि नै प्रतिबन्ध लगाउने सङ्केत भने पक्कै हो कि ?! यसको उदाहरण चालु अधिवेशनमा देखा परिसकेको छ । प्रतिपक्षलाई लाचार छाया साबित गरिएको छ भने सरकार पक्षधर पार्टीकै सुझाव, आलोचनाको कुनै गुन्जायस छैन । 'ह्विप' जारी भएअनुसार चुपचाप समर्थन गर्नु र उँघ्नु सिवाय अरू के नै आस गर्ने अवस्था र व्यवस्था छ र सांसदहरूबाट ? हैन भने जागिर नै चट् । राष्ट्रका कुलङ्गाधारहरूको रजाइँ चलिरहेको चालु राज्यप्रणालीमा हरेक व्यक्ति, संस्था अधिकारहीन र विवेकहीन अवस्थामा छन् ।

जङ्गे बोल्यो कि पोल्यो भनेभैँ केपी वलीको बोलीले सर्वत्र लाजले नुर झुकाउनुपर्ने अवस्था आइलागेकै छ । उनकै निर्देशन र नियन्त्रणमा बुर्कुसी मार्दै आफ्नै संविधान, कानुन र लोकतान्त्रिक मूल्यमान्यताको धज्जी उडाएर राज्यआतङ्क उत्पन्न गर्ने सीआईबी र सीआईडीद्वारा नेपाल कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ता, सहयोगी र शुभचिन्तकलाई धरपकड गरी झुट्टा मुद्दाका चाङ लगाएर जनयुद्धकालीन झल्को दिइरहेको छ । १९ दिने जनआन्दोलनयता नेपालमा कुनै प्रकारको घोषित युद्ध थिएन । दुई तिहाइको दम्भी सरकारले प्रतिबन्धका नाममा युद्धको घोषणा गरेको कुरा घटनाक्रमले पुष्टि गर्दैछ । राष्ट्रघाती, जनविरोधी सरकारको हैकमवादी कदमले नेपाली जनजीवन अशान्त र आक्रान्त छ । भोजपुरमा तीर्थ घिमिरेलाई गोली दागेर उपचारको अधिकारबाट समेत वञ्चित गरी 'रक्तश्रावीय फाँसी' दिइएको छ । सर्लाहीमा कुमार पौडेललाई गुण्डा शैलीमा हत्या गरी मुठभेडको कायरतापूर्ण आरोप थोपरियो । यो घटना पञ्चायती बर्बरताकै निरन्तरता हो । त्यसैगरी अलमोरडका नवराज भट्टराईलाई बिजुलीको खम्बामा ठोक्किएको बहानामा शारीरिक र मानसिक प्रताडना दिइएको छ । दुर्घटनापीडितलाई उचित उपचारको चिन्ताभन्दा गिरफ्तार गर्न हतार छ । यी सामाजिक फासिवादका चरम नमुना हुन् ।

शान्ति, समानता, स्वाधीनता, स्वतन्त्रा कुनै पनि कम्युनिस्ट राजका न्यूनतम नीतिगत पक्ष र पहिचान हुन् । समृद्धिको यात्रा रुचाउने कम्युनिस्टले श्रमजीवी जनताका न्यूनतम माग पूरा गरी उत्पादनशील र आत्मनिर्भर वातावरण तयार पार्दछ । विडम्बना ! नेपालमा संशोधनवादी कम्युनिस्टको बहुमतीय सरकार नै घोर प्रतिक्रियावादी, सामाजिक फासिवादी यात्रामा कुदिरहेको छ । राणा, पञ्चे र काङ्ग्रेसलाई उछिनेर उल्टोपाल्टो गरिरहेको छ । अनुहार त झापा आन्दोलन र जनयुद्धकालीन देखिन्छन् तर नवदलाल अर्थात् सामाजिक दलालका यी फासिवादी खोपडी राम्ररी चिन्न र छिन्न जरुरी छ । अमेरिकी एजेन्ट, देशद्रोही सीके राउत र क्रान्तिकारी, राष्ट्रवादी विप्लवलाई एउटै डालोमा हाली दक्षिणपन्थी मूलधारमा आऊ, नत्र...भन्नुको पछाडि फासिवाद सल्बलाइरहेको बुझ्न आइतबार लाग्दैन । रातो कार्पेट बिछ्याएर देशद्रोहीलाई सीधै मूलद्वारमा हुल्नु भनेको त प्रभुको प्रार्थना नै हो । यसको उचित जबाफ वैज्ञानिक समाजवादले अवश्य दिनेछ । किनभने वैज्ञानिक समाजवादको विकास नै दलाल पुँजीवाद र सामाजिक दलाल पुँजीवादको विनास हो ।

नेपालको राजनीतिक इतिहासलाई फर्केर हेऱ्यो भने सामन्तवादमा आधारित आँखासम्म जुधाउन नपाउने जहानिया राणाशासनको फासिवाद चानचुने थिएन जसले १९९७ सालमा नेपाल आमाका होनहार सन्तान गङ्गालाल श्रेष्ठ, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र दशरथ चन्दलाई फाँसीमा लट्काएकै हो । राणा शासनकै सारतत्व बोकेको पञ्चायती निरङ्कुशताले केकति राष्ट्रवादी र क्रान्तिकारीलाई फाँसी दियो भन्ने कुरा पिस्कर, सुखानीका पाखापखेरीलाई राम्ररी थाहा छ । १०४ बर्से जहानिया राणाशासनले बोल्नसमेत दिँदैनथ्यो भने पञ्चायती निरङ्कुशताले राजनीतिक गतिविधि गर्न दिँदैनथ्यो । आज केपी सरकारको सामाजिक फासिवादले राणाकालीन, पञ्चायतकालीन फासिवादलाई समेत उछिनिरहेको छ । अर्को कुरा नेपालको जनजीवन सामाजिक विशेषतामा आधारित सामूहिक सद्भावयुक्त छ । यसकै विद्रुपीकरण गर्दै पुँजीवादी कम्युनिस्टका नाइकेहरूले जनसमुदायलाई विभिन्न बहानामा कर थोपरेर, महँगी, धितोवाल ऋण, जरिबाना थोपरेर आत्महत्यासमेत गर्नुपर्ने अवस्थामा पुऱ्याइरहेको छ । सूचनाप्रविधिका क्षेत्रमा भएको अद्भुत विकासले मानव जातिलाई हित गर्नुपर्ने वैज्ञानिक युगमा राज्यले नै यसको दुरुपयोग गरी मानवअधिकारको घोर उल्लङ्घन गर्नु आईटीको क्षेत्रमा केपी सरकार नामको बाँदरका हातको नरिवल साबित हुन पुगेको छ । वास्तविक अर्थमा सरकारले नै साइबर क्राइम गरिरहेको छ । एकातिर मोबाईल लोकेसनद्वारा राजनेताहरू गिरफ्तार गर्नु, अर्कोतिर तस्करी र बलात्कारीको आँखा चिम्म गर्नु कतिसम्मको लाजमर्दो सवाल हो । सामाजिक फासिवादको यो सूक्ष्म रूपको उच्चतम अभिव्यक्ति नै नेपाल कम्युनिस्ट पार्टी र एकीकृत जनक्रान्तिमाथिको प्रतिबन्ध हो । यही विषय नै आज राष्ट्रको उच्च बहसको विषय बनेको छ ।

यो अवस्था भनेको क्रान्ति र प्रतिक्रान्ति आम्नेसाम्ने भएको पुष्टिको अवस्था हो । राष्ट्रवाद र राष्ट्रघात, सच्चा लोकतन्त्र र लुटतन्त्र, सदाचार र भ्रष्टाचार, देशभक्त र पराइभक्त, वैज्ञानिक समाजवादी र सामाजिक दलाल पुँजीवादी बिन्ने र चिन्ने बेला पनि हो यो । आज केपी सरकारको प्रतिबन्धले राष्ट्रिय ध्रुवीकरणको अवस्थालाई नै प्रमाणित भने अवश्य गरेको छ । राजनीतिमाथिको अलोकतान्त्रिक प्रतिबन्धको नकारात्मक कदमले नयाँ राष्ट्रिय बहसको सकारात्मक अवस्था सिर्जना हुनु राष्ट्रियता र जनक्रान्तिकै पल्ला भारी हुनु हो । प्रसववेदनाको परिणाम बच्चाको जन्म भनेभैँ 'प्रतिबन्धीय वेदना' पचाएर एकीकृत जनक्रान्तिद्वारा नेपाली श्रमजीवी जनताले वैज्ञानिक समाजवाद प्राप्त गरी समृद्ध, समुन्नत नेपाली र स्वाधीन, शान्त र सुन्दर नेपाल हुने कुरामा दुईमत छैन । तर साम्राज्यवादी गुरुयोजनामा सचेत क्रान्तिआमा र सुन्दर वैज्ञानिक समाजवादी बच्चालाई निमोठ्ने षड्यन्त्रकारी प्रतिबन्ध नामको सामाजिक फासिवादको रूप चिन्नु र नाभी छिन्नु अनिवार्य आवश्यकता बन्न पुगेको छ । यसैक्रममा क्रान्तिकारी कम्युनिस्ट, प्रगतिशील, वामपन्थी बुद्धिजीवी, राष्ट्रवादी, देशभक्त, सच्चा लोकतन्त्रवादी, मानवअधिकारवादी, नागरिक समाजलगायत स्वतन्त्र व्यक्तित्वहरू प्रतिबन्धका विरुद्ध सालनालमै सशक्त रूपमा उत्रनुले प्रतिबन्ध केपी सरकारकै लागि गलपासो बन्न पुगेको छ भने राष्ट्र र जनताका लागि एकीकृत जनक्रान्तिले आफ्नो मौलिकतासहितको सम्मुज्ज्वल भविष्य सुनिश्चित गरिरहेको छ । तसर्थ कथित सरकारी प्रतिबन्ध खारेजका पक्षमा निर्धक्क लामबन्दीका साथ एकीकृत जनक्रान्तिमा अझै रुचि जाहेर गर्नु हामी सबैका लागि अपरिहार्य कर्तव्य बनिसकेको छ । प्रतिबन्ध नामको सामाजिक फासिवाद बाइबाइ ! एकीकृत जनक्रान्ति । हाइहाई ‼

# महान् सहिदहरूको बलिदान र शोकलाई शक्तिमा बदल्ने प्रतिबद्धता

**अमृत सागर**

निरङ्कुश सामाजिक फासिवादी केपी-पीके सरकारले कम्युनिस्ट पार्टीमाथि बर्बरतापूर्वक मच्चाएको हत्या, आतङ्क, दमन र गिरफ्तारीका विरुद्ध, राष्ट्रियता र जनअधिकारका लागि लडेको जनताको असल कम्युनिस्ट पार्टी, विचारमा प्रतिबद्ध र कर्तव्यनिष्ठ त्यसका नेता-कार्यकर्ता, क्रान्ति र वर्गसङ्घर्षप्रति इमानदार जनताले दृढताका साथ प्रतिरोध गर्नु आफ्नो दायित्व ठान्छन् र आफ्नो कर्तव्य पूरा गर्छन् । त्यही दायित्वलाई पूरा गर्ने क्रममा पार्टी काममा रहेका क. तीर्थ घिमिरेलाई भोजपुरमा हत्यारा, बलात्कारी, पुलिस प्रशासनबाट कायरतापूर्ण तरिकाले हत्या गरियो । त्यही हत्या र आतङ्कको प्रतिरोध गर्ने क्रममा प्यारो भान्जा रामकुमार श्रेष्ठसहित जिम्मेवार कमरेडहरू महान्, दीपेन्द्र, प्रज्वल र निरन्तर सहिद हुनुभयो ।

यतिमा वली सरकारलाई रगतको तिर्खा मेटिएन । महिना दिन नबित्दै सर्लाही पार्टी इन्चार्ज क. कुमार पौडेललाई भिडन्तको भ्रुटो बहानाबाजी गर्दै पक्राउपछि एकान्तमा लगेर अमानवीय तरिकाले यातना दिई पहिला हातखुट्टा भाँचेर शरीर छियाछिया बनाई अन्तिममा टाउकोमा गोली हानी आततायी तरिकाले हत्या गरियो । यी बर्बर घटना हेर्दा केपी-पीके दलाल सरकार र त्यस मातहतको वादल प्रशासनसँग राजनीतिक मूल्य, मान्यता र मानवीयता एकरत्ति पनि छैन, बरु छ त अमानवीयता, राक्षसी स्वभाव अनि खुनी रक्तपिपासु चेहरा ।

पछिल्लोपटक वली-वादल प्रशासनले नियोजित रूपमा गरेको गैरन्यायिक हत्या, वली र प्रचण्डहरूको फासिवादका कारण हाम्रो पार्टीका सर्लाही जिल्ला इन्चार्ज कमरेड कुमार पौडेललगायत जवस विद्यार्थी र जनमुक्ति सेनाका जिम्मेवार कमरेडहरूको उच्च बलिदान भएको छ । कमरेडहरूले हामीलाई सदाका लागि भौतिक रूपमा छाडेर जानुभएको छ । परिवारजन, पार्टीपङ्क्ति, मुक्ति र परिवर्तनका पक्षधर आम जनसमुदाय सबै भावविह्वल भएका छौँ । उहाँहरूको उच्च बलिदानमा सिङ्गो पार्टी नै स्तब्ध भएको छ। हामी जोकोहीको मन र मस्तिष्क बेचैन भएको छ। अबउप्रान्त क्रान्ति र सङ्घर्षको यात्रामा प्रतिबद्ध भएर जीवनमरणको लडाइँमा सामेल हुन राजनीतिक र नैतिक दुवै कोणबाट उत्तिकै दबाब सिर्जना भएको छ । आँसु र रगतको भेलमा उभिएर शोकाकुल परिस्थितिमा यो प्रतिबद्धता गर्नु छ- सहिदहरूको रगत खेर जान दिइनेछैन । रगतले लतपतिएका फासिवादी जल्लादहरू वली-वादलसँग ज्यानको बदला ज्यान र खुनको बदला खुन लिइनेछ ।

हामीलाई थाहा थियो वैरीहरूले हत्याको तयारी पहिल्यै गरेका थिए । सुकेधारा घटनापछि कामकै सिलसिलामा आफ्नै पार्टीका एकजना नेतासँग भेट भएको थियो । हामी कुराकानी गर्दै थियौँ । उहाँलाई अचानक कृष्णबहादुर महाराको फोन आयो । महराले उहाँको परिवारमार्फत सम्पर्क मिलाउनुभएको रहेछ । उताबाट मलिन तर निक्कै आत्तिएर 'म महरा बोलेँ, सभामुख' भन्नुभयो । अनि सामान्य सन्चोबिसन्चोको कुरै नगरी 'तपाईंहरूका लागि निकै खतरा बढ्यो । माथिका नेताहरूसँग सम्पर्क गराइदिनुपऱ्यो । फोनमा कुरा नगरौँ, भेटेर कुरा गरौँ' भन्नुभयो । अनि हाम्रो कमरेडले माथिको अनुमतिबिना म तपाईंलाई भेट्न सक्दिनँ भन्ने जवाफ फर्काउनुभयो । त्यसपछि तत्काल महराले उहाँको परिवारमार्फत खबर पठाउनुभयो- कि पार्टी छाड्नू कि विदेश जानू ।

त्यसपछि हामीलाई निकै खुलदुली भयो- सरकारी संयन्त्रले हाम्रो पार्टीविरुद्ध केही अप्रिय निर्णय गरेको छ । हामी त्यहाँबाट छुट्टिएर आआफ्नो काममा लाग्यौँ । त्यसको भोलिपल्ट मैले आफ्नै कामले एकजना साथीमार्फत दुई नम्बर प्रदेशअन्तर्गत एउटा नगरपालिकाको मेयरसँग भेटघाट गरेँ । उहाँसँग भेट्ने जानकारी मैले पहिले दिएको थिइनँ तर सम्बन्ध घनिष्ठ नै थियो । मलाई अचानक अगाडि देखेपछि मेयरले छुट्टै कोठामा हात समाएर लैजानुभयो र भन्नुभयो- तपाईंको के छ खबर ? कुमारलाई साह्रै अप्ठ्यारो छ । प्रहरीले जहाँ भेट्यो त्यहीँ मार्छ । मैले यता नबस भनेको मानेन ।

हामीले एकछिन गफ गऱ्यौँ । छुट्ने बेलामा पनि उहाँले अप्ठ्यारो छ, ख्याल गर्नुहोला भन्नुभयो । हामी हात मिलाएर छुट्यौँ । यो भेटले क. कुमार राज्यका रक्तपिपासु खुनी पन्जाभित्र पर्ने त्रासले मलाई सताउन थाल्यो ।

त्यसपछि मैले महरा र मेयर (जसको परिचय खुलाउनु ठीक नहोला) बाट आएको साङ्केतिक सूचनालाई पुष्टि गर्न आफ्नै संयन्त्रमार्फत गृह मन्त्रालयका एकजना उच्चपदस्थ अधिकारीसँग बुझ्न खोजेँ । उहाँले पहिल्यै केही समस्या पऱ्यो भने सम्पर्क गर्नुहोला, सहयोग गरौँला भन्नुभएको थियो । उहाँसँग कुरा भएपछि हाम्रो पार्टीले अगाडि बढाएको क्रान्तिको यात्रामाथि ठूलै बज्रपात हुने कुरामा कुनै शङ्का रहेन । ब्युरो स्तरका केही नेताहरूको कुरा भएको थियो । उहाँहरूलाई अप्ठ्यारो छ भन्ने जानकारी गराउनुभयो जसमा क. कुमार पौडेलको पनि कुरा भएको थियो । त्यसको एक साता नबित्दै अप्रत्याशित रूपमा क. कुमार पौडेलको हत्या भएको खबर आयो । क. कुमारले मलाई भान्जा भन्नुहुन्थ्यो । म मामा भनेर सम्बोधन गर्थें । मैले मामाको हत्या भएको छैन होला, भ्रुटो समाचार भनेर पत्याउन सकिनँ । साथी हो भन्नुहुन्छ । म अझै पत्याउन सक्तिनँ । मैले आफैँले सङ्गठित गरेको र मेरै सहयोगमा राजनीतिक विचारमा प्रतिबद्ध भै बलिदान दिन तयार हुनुभएको भान्जा रामकुमार श्रेष्ठको केही दिनअगाडिको बलिदानले मेरो मन ठीक ठाउँमा नआउँदै क. कुमारको हत्या हुँदा म मानसिक रूपमा पूरै विक्षिप्त भएको रहेछु । भोलिपल्ट बिहान मात्र म मानसिक रूपमा ठीक भएँ । मलाई थाहा भयो- महरा, मेयर र गृह मन्त्रालयबाट प्राप्त सूचना सत्य साबित भयो । यसैका आधारमा भन्न सकिन्छ- कमरेड कुमार पौडेल मात्र होइन, फासिवादी वली-वादल सत्ताले हाम्रो पार्टीका ब्युरो स्तरका नेताहरूको हत्याको प्रयास गर्नेछन् । पार्टीको जग्ने पिल्लरका रूपमा रहेका युवाहरूको हत्या गरेर क्रान्तिकारी पार्टीलाई कमजोर बनाई उनीहरूले आफ्नो तुच्छ राजनीतिक स्वार्थ पूरा गर्ने कोसिस गर्नेछन् ।

घटना हुनुको मुख्य कारण के हो ? फेरि किन यस्तो हुँदैछ ? नेपाली जनता र राष्ट्रको आवश्यकता हो कि अन्य केही छ ? प्रश्नहरू चारैतिर उठेका छन् । सत्यतथ्यसहित सहिद परिवार र आम नागरिकसम्म यो प्रश्नको जवाफ पुऱ्याउनुपर्ने छ । इमानदारीको सीमामा रहेर हिजो माओवादी आन्दोलनमा रहेका नेता-कार्यकर्ताले सत्य बोलिदिने हो भने हामीले जनतालाई बुझाउन धेरै समय लाग्दैन । उहाँहरूको बेइमानी र भ्रूटलाई पनि खण्डन गर्दै जाँदा केही समय लाग्ला । हामीलाई विश्वास छ सत्य कुरा जनतालाई एक दिन बुझाइछाड्नेछौँ ।

एकदलीय निरङ्कुश जहानिया राणाशासनपछि २००७ सालमा प्रजातन्त्र स्थापना भयो । सामन्ती निरङ्कुश राजसंस्थासहितको दलाल संसदीय प्रजातान्त्रिक व्यवस्थाले श्रमिक जनताको अधिकार कटौती गर्दै मुठीभर सम्भ्रान्त वर्गको पक्षपोषण गर्न थाल्यो । त्यो व्यवस्थापछि फेरि जनताले निरङ्कुश पञ्चायती शासन खेप्नुपऱ्यो । शासक वर्गको त्यो जनविरोधी हर्कतका विरुद्ध तत्कालीन अवस्था र विभिन्न कालखण्डमा जनताले प्रतिरोध गर्दै आए । पछिल्लो ०४६ को जनआन्दोलनमार्फत प्रजातन्त्र आयो तर त्यो प्रजातन्त्र अधिल्लोपटकका निरङ्कुश व्यवस्थाभन्दा केही भिन्न थिएन । व्यवस्था फेरियो, व्यक्ति फेरिएन । व्यक्ति फेरियो, प्रवृत्ति फेरिएन । शासक वर्गको चरित्र नफेरिएपछि जनताको प्रतिरोध पनि फेरिने कुरै थिएन ।

शासक वर्गबाट अधिकार हरण भएका श्रमिक जनताको प्रतिनिधित्व गर्दै विगतमा भएका प्रतिरोध आन्दोलनको समीक्षा गर्दै जुन स्तरको सङ्घर्षमार्फत निरङ्कुश राज्यव्यवस्थालाई बदल्न सकिन्थ्यो त्यही स्तरको सङ्घर्ष माओवादी पार्टीले गऱ्यो जुन सङ्घर्षले नहल्लिएको कुनै साम्राज्य थिएन । जसले सामन्ती निरङ्कुशताको सेवा गरेर जनतामा लुट मच्चाउने गरेका थिए तिनै कायर एमाले र काङ्ग्रेसहरू माओवादीसँग घुँडा टेक्न पुगेका थिए । जनयुद्धको अन्तिम कालखण्डमा राजाले सेना लगाएर सहरबाट लखेटेपछि माओवादीसँग गएर जीवनरक्षाका लागि आग्रह गरेका थिए । अझ भन्ने हो भने माओवादीसँग आत्मसमर्पण गरेका थिए ।

तिनै कायर, आत्मसमर्पणवादीहरूसँगको सहकार्यमा लोकतान्त्रिक व्यवस्था स्थापना भयो तर रोग पुरानै, प्रवृत्ति पुरानै । जनताको जीवन फेर्न, राष्ट्रको काँचुली फेर्न, हजारौँको बलिदानमार्फत जनताको मन जितेर लडेको माओवादी जब सहर पस्यो सहरमा मोर्चा कस्नुपर्ने थियो । जहाँ मानवताविरोधी कुकार्य हुन्छन् त्यहाँ विस्फोट हुनुपर्ने थियो अनि दिनुपर्ने थियो न्याय र समानता । तर त्यसको ठीक विपरीत माओवादी जहाँ टेक्छ त्यहीँ फस्न थाल्यो । जहाँ छिर्न थाल्यो त्यहीँ गिर्न थाल्यो । नेतृत्व तहमा कतिसम्म भयो भने हिजो जनताका बीचमा बुनेका साभ्का सपनालाई रद्दीको टोकरीमा मिल्काएर, सहिद परिवार, बेपत्ता योद्धा, घाइते, अपाङ्गसमेतलाई धोका दिई जनमुक्ति सेना, पार्टीका इमानदार नेता र कार्यकर्तालाई लात हानेर, जसरी केपी वली, माधव नेपाल, गिरिजा कोइराला र कृष्ण सिटौलाहरूको नेतृत्वमा माओवादीसँग आत्मसमर्पण गरेका थिए । त्यसरी नै प्रचण्ड-बाबुरामहरूबाट (भलै बादल गुट पनि त्यहीँ पुग्यो) दलाल संसदीय व्यवस्थामा दुई हात उठाएर पैँचो तिर्न पुगे ।

इतिहासमा मजाकका लागि माओवादी भएर जनताले बलिदान दिएको होइन । बलिदानको अर्थ प्रचण्ड-बाबुरामलाई सत्ताको मालिक बनाउनु पनि होइन । माओवादीलाई बदनाम गराएर विघटन गरी माओवादीका विरुद्ध सङ्कटकाल घोषणा गर्दै जनताको छातीमा बन्दुक दाग्ने केपी वलीहरूलाई फेरि क्रान्ति र वर्गसङ्घर्षमाथि धावा बोल्ने शासकका रूपमा स्वीकार गर्न त भन्नू किमार्थ हुँदै होइन ।

त्यसकारण श्रमिक जनताको अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टी, यसले अगाडि सारेका प्रस्तावहरू, जनताका बीचमा गरेका प्रतिबद्धतालाई पूरा गर्ने अठोटसहित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकसित घटनाक्रमको समीक्षा गर्दै नयाँ सिराबाट आन्दोलनलाई उठाउँदै सहिदहरूको रगतले लेखिएको इतिहासले दिएको जिम्मेवारी पूरा गर्ने गरी क. विप्लवको नेतृत्वमा हजारौँ जनताको सहभागितामा नेपाल कम्युनिस्ट पार्टी सङ्घर्षको आँधी र तुफानसँगै अगाडि बढ्दैछ जुन तुफानले भ्रष्ट, राष्ट्रघाती, जनहत्याराहरूको जरो उखेल्नेछ । श्रमिक जनता, युवा, विद्यार्थी, महिलालगायत उत्पीडित वर्गको मुक्तिका लागि मानवसभ्यताकै सबैभन्दा सुन्दर व्यवस्था वैज्ञानिक समाजवाद स्थापना हुनेछ । विश्व सर्वहारा वर्गको अग्रदस्ता पार्टी यही हो । यही पार्टीले अगाडि सारेको कार्यदिशा 'एकीकृत जनक्रान्ति' को छातामुनि सङ्गठित भएर जीवनमरणको लडाइँमा सामेल भएका योद्धाहरूको उच्च बलिदान भएको छ । यो पार्टीको नेतृत्वमा भएको सङ्घर्ष, यो सङ्घर्षमा भएको बलिदान र यो बलिदानमार्फत स्थापित भएको राज्यव्यवस्था इतिहासकै सर्वश्रेष्ठ हुनेछ । दशकौँदेखि विदेशी साम्राज्यवादको चाकरीमा देश लुटेर निजी सम्पत्तिको भकारी बाँधी डङ्कइती गनाएका संसदीय दलालहरू सदासदाका लागि खरानी हुनेछन् ।

हामीलाई थाहा छ- क्रान्तिले बलिदान माग्छ । सपूतहरू भएर जानैपर्छ । यो क्रान्तिको नियम हो । तर आत्मीयता र सामीप्यमा जोडिएर रहेका कमरेडहरूको क्रूरतापूर्वक गरिएको हत्या र बलिदानले मन भारी मात्र नभएर पहाडले थिचेजस्तो भएको छ । हाम्रो पार्टीका नेता र कार्यकर्ताको हत्यामा उत्सव मनाइरहेका जल्लाद केपी-बादल र तिनीहरूका सेवक पुलिसहरूलाई यतिचाहिँ ठोकेर भन्न सकिन्छ- अजम्मरी जुनी कसैले लिएर आएको हुँदैन । तिम्रो मृत्यु पनि त्योभन्दा निर्दयी तवरले हुनेछ तर त्यो बेला पनि हाम्रो यसरी नै मन भारी हुनेछ किनकि हामी मार्क्सवादीहरू हौँ । कुनै पनि शोकमा संवेदना गुमाउनेछैनौँ जसरी अहिले तिमीहरूले गुमाइरहेका छौ । तसर्थ स्पातिलो भएर सङ्घर्षमा होमिनेछौँ । सहिद परिवारसँगसँगै पार्टी हुनेछ र हामी हुनेछौँ । तपाईंका सन्तानको एक थोपा रगत खेर जानेछैन । 'मृत्यु कि त मुक्ति' यही कसम खाँदै तपाई अमर र महान् सहिदले देखाएको बाटोबाट एकरत्ति पनि विचलित हुनेछैनौँ । हार्दिक श्रद्धाञ्जली !

# सहिदका बाबाको गर्विलो मृत्यु

## प्रचण्डसँग प्रश्न सोध्न मन लागिरहेको छ- के जनयुद्ध अपराध थियो ?


सीता विक 'सम्भना'

२०७६ असार २ गते व्यस्त सहरको एक छेउमा हिँड्दै थिएँ । फोनको घन्टी टिरिङटिरिङ बज्यो । कसको फोन आयो भनेर फोन उठाएँ । अन्य दिनभन्दा फरक आवाज लाग्यो । 'अँ भन्नू' मैले भनेँ । उहाँले भन्नुभयो- मामा त बिलुभयो रे, खबर पाइनौ ? मैले अहँ भनेँ । प्रमोदलाई फोन गरेँ, फोन कट्यो । मलाई भनन्न रिंगटा लाग्यो । एकछिन उभिरहेँ । केही दिनअगाडि अस्पतालमा मामालाई भेट गर्न गएकी थिएँ । कस्तो छ मामा हजुरलाई भन्दा ठिकै छ तर अब बाँच्दिनँ होला भन्नुभएको थियो । मैले सहानुभूति राख्दै भनेँ, 'अभै धेरै बाँच्नुहुन्छ । तपाईंबाट हामीले धेरै कुरा सिक्नु छ ।' मैलो त्यसो भन्दा उहाँ खुसी भएर हाँस्नुभएको थियो । सम्भना आयो अनि प्रमोद बाबु र मेराबीचमा ठट्ठाजस्तो तर वास्तविक र मर्मस्पर्शी भलाकुसारी भएको थियो । उहाँले मर्मका साथ भन्नुभएको थियो- बाबालाई केही भयो भने काजक्रिया गर्ने घर पनि छैन । कोठामा बसिएको छ । घरका सबैलाई यही चिन्ता छ । बुवा सन्चो भएपछि सम्भाउनु पर्नेछ । जनयुद्धको बेला सबै तहसनहस भयो । दाइको सहादत भयो । हामी सबै पूर्णकालीन कार्यकर्ता भयौँ । घर चाहिएला, सम्पत्ति चाहिएला भनिएन । सबैको समस्याको हल क्रान्तिले गर्छजस्तो लाग्यो तर आज यस्तो भयो ।

मैले पनि उहाँसँग यिनै विषयमा केही कुरा गरेँ ।

बुझ्नेले बुझ्छन्, नबुझ्नेले खिल्ली उडाउँछन् भाउजू भन्नुभयो उहाँले ।

आज मलाई त्यही कुराले पोलिरह्यो भने सहिद क. प्रदीप शर्मा 'सञ्जय' को सम्भनाले मस्तिष्कमा करेन्ट लागेको जस्तो भयो । प्रमोद बाबुलाई फोन डायल गर्न खोजेँ तर कताकता अप्ठ्यारो लाग्यो अनि भान्जीलाई फोन गरेँ । भान्जीले मलाई थाहा भएन, म बुझ्छु भन्नुभयो । यत्तिकैमा फेरि फोनको घन्टीले भ्रुसङ्ग बनायो । फोन हेरेँ । रुकुमबाट दाइको रहेछ । फोन उठाएँ । दाइले पनि मामाको निधन भएको खबर गर्नुभयो । मामा बितेको पक्का भयो । मलाई केही सल्लाह पनि दिनुभयो । उहाँको सल्लाहलाई मनन गर्दै शान्ता दिदीलाई फोन गरेँ । उहाँहरू डाडबाट हिँड्न थालेको भन्नुभयो अनि प्रमोद बाबुलाई फोन गरेँ । अरू केही भन्न सकिनँ । बाबु, म पशुपतिमा आउँछु भनेँ तर मनले मानेन ।

हरिप्रसाद मामालाई मैले चिनेदेखि एउटा इमानदार निष्ठावान्, बुद्धिजीवी, राष्ट्रप्रेमी, सादा जीवन उच्च विचारका धनीका रूपमा बुझेँ । अन्तिमचोटि उहाँको मुख हेर्न अस्पतालमै पुग्न मन लाग्यो र म वीर अस्पतालतिर हिँडेँ । अस्पतालमा पुग्दा देखेँ उहाँको मृत शरीरलाई आकस्मिक कक्षको भित्र-बाहिर गर्ने ठाउँमा हरियो पर्दाले चारैतिर छेकेर राखिएको थियो । प्रमोद बाबु र प्रतिज्ञा वरपर मलिन मुख लगाएर बस्नुभएको थियो । एकजनाले यहाँ पनि धेरै अनुरोध गरेर राखेको भन्दै हुनुहुन्थ्यो । मेरो मुटु भक्तानिरहेको थियो । मैले प्रमोद बाबुलाई भनेँ, 'बाबु, म मामाको मुख हेर्छु ।' उहाँले मुन्टो हल्लाएर हुन्छ भन्नुभयो । मैले यसो पर्दा छेउ लगाएर उहाँको मुख हेर्न खोजेँ । जताततै कपडाले बेरेको रहेछ । हेर्न सकिनँ । मैले उहाँलाई हृदयदेखि सम्मान गरेँ । म भगवान्‌मा विश्वास गर्दिनँ तर राम्रो काम गर्ने आदर्श व्यक्तिहरूलाई सधैँ शिर भुकाएर सम्मान गर्छु र हृदयदेखि नै ढोगे गर्छु । उहाँलाई पनि छातीमा हात राखेर सम्मान गरेँ । आँखा रसाउन थाले । आँसु लुकाउने प्रयत्न गरेँ तर असफल भएँ । आँसु बगिर ह्यो । भान्जी सम्भाउँदै हुनुहुन्थ्यो ।



म उहाँलाई व्यक्तिगत नाता मामाससुरा सम्भिएर मात्र रोइरहेकी छैन । उहाँको शवलाई देखेर जीवनभरको छवि, सहिदको महान् जनयुद्धमा उहाँहरूको परि र जनयुद्धका कारण आज गर्ने घरसम्म नभएको स्थिति । र यस्ता विषयले म आफूलाई मात्र पनि म रोएकी होइन । उहाँको बाबा, नेपाली भूमिमा चलेको वारबाट क्रान्तिमा भएको योगदान उहाँको मृत शरीर राख्ने र किरिया यो सत्य कति हृदयविदारक छ ! यी समाल्न गारो भइरहेको थियो । यो सोचेर पनि धेरै बेर मेरा आँखाबाट आँसु बगिरहे- सहिदको रगतलाई निश्चित अमूक स्वार्थसँग साटियो । यो त एउटा उदाहरण मात्र हो । जनयुद्धमा सर्वस्व गुमाएर सडकछाप भएका युद्धयात्री धेरै छन् । घाइते र अपाङ्गको स्थिति बिजोक छ । बेपत्ता परिवार बेखबर छन् । के जनयुद्ध अपराध थियो ? जनयुद्धको उद्देश्य यतिसम्म थियो ? अवश्य थिएन सुनौलो सपना बोकेको मुक्ति मार्ग थियो । सहिदका सपनाहरू हरण गरियो । आज यो स्थिति पैदा भयो ।

केही समयपछि म समालिएँ र बाबु प्रमोदलाई 'म अहिले जान्छु, उतै पशुपति आउँछु' भनेर बाहिर निस्केँ । मन बेचैन भैरह्यो । साँभ ४ बजे पशुपति आर्यघाटमा दासंस्कार गर्न लग्ने सल्लाह भएको खबर सुनाउनुभएको थियो । पशुपतितिर लागेँ । एकजना मसँग हुनुहुन्थ्यो । बाटोमा कुरा गर्दै गयौँ । जनयुद्धमा ठूलो समर्पण गरेको परिवार हो । आज मृत्यु हुने सहिद सञ्जयका बाबा हुनुहुन्छ । सञ्जयलाई तत्कालीन शाहीसेनाले दाङ गणेशपुरमा पार्टी कामको सिलसिलामा घेरा हालेर हत्या गरेको थियो । उहाँ बहुप्रतिभाशाली, आशालाग्दो युवा हुनुहुन्थ्यो । उहाँको सहादतले पार्टीलाई ठूलो क्षति भएको थियो । आमा राधा शर्मा, भाइबुहारीहरू सबै पार्टीमा लाग्नुभयो । उहाँहरूको घर सेल्टर बन्यो । सायद कुनै नेता नपुगेको छैन उहाँको घरमा । सम्पत्ति सबै सकियो । आज यस्तो छ ।

हामी पशुपति पुग्दा माइजू र बुहारीहरू रोइरहनुभएको थियो । मृत्युमा पीडा, जन्ममा उत्साह स्वाभाविक हुन्छ । मामाको मृत शरीर बीचमा लडिरहेको थियो । प्रकाश दाइ, प्रमोद-प्रविण बाबु वरपर बस्नुभएको थियो । नेताहरूको जमघट भैसकेको थियो । मैले खादा लगेकी थिएँ । लाममा गएर बसेँ । मेरो उद्देश्य मामाको मृत शरीरमा खादा ओढाउने र अन्तिम बिदाइ गर्ने थियो ।

पूर्वमन्त्री रेखा शर्माले हरिप्रसाद गौतम सहिदका बाबा हुन्छ भन्दै उहाँको र परिवारको विगत सुनाउनुभयो । उहाँले प्रचण्डलाई भ्रुन्डा ओढाउन अनुरोध गर्नुभयो । मलाई भने किनकिन खल्लो लागिरह्यो । भ्रुन्डा ओढाउने मानिसको विचार र निम्छरो चिन्तनका कारण मलाई त्यहाँ ओढाइको भ्रुन्डाको शक्ति पनि कमजोर बनिरहेको जस्तो लाग्यो । हँसियाहथौडा अङ्कित भ्रुन्डाले सहिदको बाबाको शरीर छोपिरहँदा सहिद सञ्जयको हँसिलो, सुन्दर, कलकलाउँदो बैँसले भरिएको त्यो जवानी अनि लोभलाग्दो उचाइ बाबाको मृत शरीरको वरपर मेरा आँखाले खोजिरहे । उहाँको अभाव महसुस भइरह्यो । एक मिनेट मौनधारण गरियो । सभामुख, मन्त्री र सांसदहरूले माल्यार्पण गरे । मैले पनि खादा ओढाएँ र अन्तिमपटक छातीमा हात राखेर शपथ खाएँ- त्याग र बलिदानको मूल्य समयले अवश्य चुक्ता गर्नेछ । सत्य हराउनेछैन ।

मैले निकैबेरसम्म सहिदका बाबाको जमिनमा बेपरबाह लडिरहेको मृत शरीर हेरिरहेँ । एकैछिनमा शव उठाएर आगो लगाउन चितामा लगियो । श्रीमती, छोरा र बुहारीहरू वरपर घुम्दै आगो सल्काउनुभयो भावविभोर हुँदै । एकै छिनमा आगोको मुस्लोमा परिणत हुँदै थियो मामाको मृत शरीर । सहिदको बाबा चितामा जलिरहँदा अनेक लाञ्छना र तर्कवितर्कहरू आइरहे मेरो मनमा । फोनको घन्टी बज्यो । फोन उठाएँ दाइको फोन रहेछ । अनि म माइजूहरू सबैसँग बिदा भएर हिँड्न थालेँ । मानव भीडबाट बाहिर निस्कँदै फर्केर हेरेँ- आकाशमा उडेको सेतो धुवाँको मुस्लोतिर । प्रदूषित र दुर्गन्धित राजनीतिलाई यो निश्छल धुवाँले खबरदारी गरिरहेको भान भयो ।

हाम्रो विवाहपछि उहाँले काठमाडौँ त्रिपुरेश्वरस्थित आफ्नै कार्यालयमा धेरै साथीहरूलाई बोलाएर टीका लगाइदिँदै भन्नुभएको थियो- म त खुसी छु । कसैले केही भन्ला, दुःख नमान्नू । समाज अझै अन्धो छ । धेरै कुरासँग लड्न बाँकी छ, नथाक्नू ।

यो उहाँको अग्रगामी सोचाइलाई हामी आत्मसात गर्नेछौँ । दुई वर्षदेखि दुवै मिर्गौला निष्काम भएका थिए उहाँका । नेताहरू टाउको दुख्दा उपचार गराउन अमेरिका पुग्छन् तर उहाँ गलिसकेको शरीर लिएर पैदल हिँड्दै डाएलाइसिस गर्न अस्पताल पुग्नुहुन्थ्यो । उहाँको त्यो उच्च मनोबल अनुसरण गर्नैपर्छ । उहाँ मसँग जहिल्यै भेट्दा 'मर्नुअघि प्रचण्ड, वैद्य र विप्लवलाई भेट्नुछ' भन्नुहुन्थ्यो । भेट्नुभयो वा भेट्नुभएन, मलाई थाहा भएन तर उहाँको मनमा राष्ट्रप्रेमको हुटहुटी अवश्य थियो । उहाँ समाजसेवी, वकिल, गुठी संस्थानका पूर्वअध्यक्ष पनि हुनुहुन्थ्यो तर आजीवन सादा जीवन र उच्च विचारले ओतप्रोत रहनुभयो । भ्रष्ट, लोभी र ढोङ्गी पद र पहुँचले उन्मत्त नेताहरू, कुरा एउटा काम अर्को गर्नेहरूलाई उहाँको जीवनशैली र निष्कलङ्क इमानदारीले चुनौती दिइरहेको छ । इमानदार र कम्युनिस्ट नैतिकता बोकेकाहरूलाई मर्गनिर्देश गरिरहेको छ । उहाँको जीवनमा कतै औँला उठाउने ठाउँ छैन । एक आदर्श पात्र अस्ताउनुभयो । सहिदको सपना अधुरै छ । सहिदले देखाएको बाटो पछ्याउँदै अघि बढ्ने प्रतिबद्धता आज सबै इमानदार क्रान्तिकारीहरूले गर्नुपर्नेछ । हार्दिक श्रद्धाञ्जली मामा । शोकसन्तप्त परिवारमा गहिरो समवेदना ।

# उदाउँदै गरेको रातो सूर्य



अम्बिका पाठक

कम्युनिस्ट नामधारी सरकारबाट जनताले धेरै आशा गरेका थिए । तर चुनावमा भोट दिएका नागरिकहरू निराश भएका छन् । सार्वननिक स्थलमा 'विप्लव कि राजतन्त्र' भन्ने आवाज सुन्न थालिएको छ। सबैको मनमा यो सरकारबाट केही हुँदैन भन्ने परेको छ । काङ्ग्रेसको शासन हेरेकै हो । त्यसैले विकल्पको खोजी हुन थालेको छ।

हामी देखिरहेको छौँ- यही बाँकी रहेको भूभाग दिन-प्रतिदिन जङ्गे पिलर सारिएका छन् । यो भ्रष्ट सरकार मौन छ। देशको हरेक क्षेत्रमा छिमेकीको दबाब र प्रभाव देखिन्छ भने सीमा क्षेत्रको कुरा गर्दा त दुर्व्यवहारले परकाष्टा नै नाघिसकेको छ । २७ जिल्ला छुने गरी ३ तिरबाट छिमेकीहरू छिरेका छन् । २०११ सालदेखि सुस्ताको नरसाही क्षेत्रबाट अतिक्रमण थालेर हालसम्म ६०-७० हजार हेक्टर जमिन ३ कुनाबाट क्वाप्लाक्क खाइसकेको छ । निरीह छ यो सरकार । पश्चिमको लिपुलेक भन्ज्याङदेखि लिम्पियाधुरा बीचदेखि ३७२ वर्गमिटरको जमिन स्वात्तै हडपेर देशको नक्सा नै बदलिएको छ। सीमा छुट्याउन राखिएका जङ्गे पिल्लर रातारात गायब भएका छन् । सीमाका जमिन गुमाउने जस्तै हातमा लालपुर्जा लिएर आफ्नो सीमापारि पुगेको जग्गा हेरी बिलौना गर्न हजारौं नेपाली छन् । सीमा क्षेत्रका नेपालीको संरक्षण कसले गर्ने ? पटकपटक देश लुटिएको छ। यो नेपाली माटोको स्वाधीनतामाथि ठाडो प्रहार हुँदासम्म पनि यो सरकार कानमा तेल हालेर बसेको छ । गुमाएको भूभाग अन्तर्राष्ट्रिय कानुनका आधारमा नेपालीको हक लाग्छ। फेरि पनि यो सरकार मौन र अनभिज्ञजस्तो छ।

इतिहासको पुनर्मूल्याङ्कन गर्नका लागि देशले रगत मागे मलाई बली चढाऊ भनेर आफ्नो ज्यानको आहुति दिएर सीमा जोगाउन ज्यान गुमाएका गोविन्द गौतमजस्ता हजारौं नेपालीले ज्यान गुमाउनुपरेको छ। नेपालको पश्चिम सीमा क्षेत्रको कालापानीमा भारतीय सेनाले नेपाली भूमि कब्जा गरेर बसेको छ तर नेपालको सरकार बोल्दैन, भारतीयहरूले नेपालको नक्सा बनाएर बजारमा बेचेका छन् जसमा नेपालको कालापानी भारतमा गाभिएको छ। सरकारले त्यो नक्सा जफत गरेर कालापानी नेपालभित्रै भएको नक्सा वितरण गर्नुपर्थ्यो तर किन गर्न सक्दैन ?

भारतीय सीमा सुरक्षा बलले कञ्चनपुरमा गोविन्द गौतमको हत्या गरेको सम्झना हरेक नेपालीको हृदयमा ताजै छ । भारतीय फौजहरू काठमाडौँदेखि कञ्चनपुरसम्म जहाँ र जहिले पनि नङ्ग्रा गाड्न स्वतन्त्र छन् । भारतीय फौजहरू काठमाडौँदिख कञ्चनपुरसम्म जहाँ जहिले पनि नङ्ग्रा गाड्न स्वतन्त्र छन् । फितलो सरकार छ। छिमेकीले आफूलाई ठूलो ठानेर नेपाललाई हेप्ने गरेको छ। नेपालका सुन्दर प्राकृतिक सम्पदाहरूमा छिमेकीको गिद्देदृष्टि लागिरहेको छ तर पनि सरकार निरीह छ।

अहिले हाम्रो देश दलालहरूको घेरामा फसेको छ। तराईबासीको उठीबास लागेको छ। दिनरात जङ्गे पिलर सारिएको छ । सीमा मिचिएको छ । दसगजा मिचिएको छ । खुला सीमाका कारण आपराधिक गिरोह नेपाल छिरेर मनोमानी गरिरहेका छन् । नेपाली चेलीको अस्मिता लुटिएको छ । सुस्ता-नवलपर ासीमा नागरिकहरू लडिरहेका छन् । तर सरकारले साथ दिँदैन । बोल्दैन । आज मेची-महाकालीमा ७१ स्थानमा भारतले नेपाली भूभाग अतिक्रमण गरेको छ। चितवनको सोमेश्वर चुरे पर्वत श्रृङ्खलामा भारतीय अतिक्रमण यथावत् छ। जङ्गे पिलरहरू गायब पारिएको छ । देशको माटो रक्षा गर्न नसक्ने निकम्मा सरकार छ। हामीले तिरेको कर देशको सुरक्षामा प्रयोग भएको छैन। बरु सीके राउतजस्ता विखण्डनकारीलाई सरकारले बोकेर हिँडिरहेको छ।

देशमा राजनीतिक सङ्कट छ। तर अँध्यारो पक्ष मात्र छैन। देशमा क्रान्ति, परिवर्तन, राष्ट्रियताको रक्षा गर्न, बलिदान गर्न तयार कम्युनिष्ट पार्टी छ। नेकपाले त्यसको नेतृत्व गरिरहेको छ। निवर्तमान प्रधानसेनापति राजेन्द्र क्षेत्रीले विप्लवहरू राष्ट्रघाती होइनन् भनेका छन् । अर्का जनरल तथा बौद्धिक व्यक्तित्व प्रेमसिंह बस्नेतले त सरकार र वली-प्रचण्डको भण्डाफोर गरेका छन् । कतिसम्म भने नायिका तथा चलचित्र निर्माता रेखा थापाले दलालहरूले देश बेचेर खाइसकेको प्रतिक्रियासहित युवाहरूलाई सडकमा आउन आह्वान गरिन् । देशको बौद्धिक शक्ति पूरै परिवर्तनका पक्षमा देखिनु खुसीको विषय हो । नेकपामाथि लगाइएको प्रतिबन्धका कारण कथित कम्युनिस्ट सरकार बदनाम भएको छ । देशभक्त र क्रान्तिकारी पार्टी विश्वभर स्थापित भएको र वैकल्पिक शक्ति बन्दै गएको छ। यो खुसीको विषय हो। दमन, धम्की, यातना, थुनछेक भएको छ । राज्य आतङ्क दिनदिनै बढेको छ । तर यो समयको एउटा पाटो हो । अर्को पाटो पनि छ। बलिदानको जगमा छ। यो गौरवको विषय हो। प्रचण्ड-बाबुरामले आत्मसमर्पण गर्दैमा जनताको परिवर्तनको चाहना सधैँका लागि मर्दैन भन्ने कुरा पुष्टि भएको छ।

हाम्रो देश ठूलो राजनीतिक सङ्कटमा धकेलिएको छ। यसलाई क्रान्तिकारी सङ्कटमा बदलेर वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नुपर्छ । परिवर्तनका लागि सबै वुद्धिजीवी र पेसाकर्मीहरूले आआफ्नो क्षेत्रबाट समर्थन गर्नुपर्छ। परिवर्तन जनताको चाहना भएकाले त्यो दिन अवश्य आउनेछ।

देशमा जनतन्त्र नाजुक बन्दै गएको छ। सरकारले ने.क.पा.लाई प्रतिबन्ध लगाएर बोल्न, लेख्न, शान्तिपूर्ण प्रदर्शन गर्न रोक लगाएको छ । सञ्चारकर्मीलाई ने.क.पा.का पक्षमा वा उसको धारणा सार्वजनिक गर्न दिएको छैन। जनयुद्धको समयमा समेत विद्रोही पक्षमा बहसपैरवी गरेको आधारमा कानुनकर्मीहरू कारबाहीमा परेको स्थिति थिएन। कम्युनिस्ट नामधारी सरकारले कानुनकर्मीहरूलाई समेत धम्क्याउन थालेको छ। एकपक्षीय सूचना बाहिर लगिएको छ। सामाजिक सञ्जाललाई नियन्त्रण गर्न खोजिएको छ । सञ्चार जगत्लाई तर्साउने र भजनभण्डली तयार गर्न खोजिएको छ। निर्लज्जतापूर्वक लुटपाट, भ्रष्टाचार चलिरहेको छ। दलाल, भ्रष्ट, कालोबजारीले सरकारलाई चलाइरहेको अवस्था छ । महँगी चरममा पुगेको छ । करको दर आकासिएको छ । सेवासुविधा झन् खोसिएको छ । सरदर दैनिक १६ जना नेपाली नागरिकले आत्महत्या गरेको सरकारी तथ्याङ्क छ। आर्थिक दुरवस्था र विकृत सामाजिक संरचनाका कारण यो समस्या बढेको हुनसक्छ। महिला हिंसा झन्झन् बढेको छ। पञ्चायती कालमा भएको नमिता-सुनिता काण्ड, निर्मला पन्त काण्डका रूपमा दोहोरिएको छ। ने.क.पा. नेताहरूले उक्त घटनामा राज्यका पहुँचवालाहरू जोडिएको आरोप लगाएकै समयमा नेपाली काङ्ग्रेसले निर्मलाका हत्याराहरू सिंहदरबारभित्रै रहेको आरोप लगाएका थिए। अन्ततः सरकारले निहत्था नागरिक चरा मारेझैँ मार्न थालेको छ। आस्थाका आधारमा नागरिकहरूलाई दुःख दिन थालिएको छ । मुद्दा, धाक, धम्की दिएर राज्य लुट्ने प्रपञ्च सरकारको छ। यस्तो सरकार कसरी जनताको सरकार हुन सक्छ ?

विश्वमा नेपालको प्रतिष्ठा खस्किँदै गएको छ। विदेशी ऋण बढेको बढ्यै छ। विप्रेषण र विदेशी ऋणको भरमा देश चलेको छ । बेरोजगार झन् झन् बढेको छ । शिक्षा, स्वास्थ्य सर्वसुलभ छैन । धनी बर्गको लागि सुविधाजनक अस्पताल छन् । धनीका लागि अलगअलग निजी विद्यालय छन् । धनी र गरिबको खाडल झन्झन् बढिरहेको छ। सकुमबासीका बस्तीमा आगो लगाएर धनीका लागि सफा र ठला सडक निर्माण गर्ने सरकारको दाबी छ । कवि सृजन अविरलले चितवनको एउटा कार्यक्रममा सुनाएको कविताको अंश सम्झन्छु :

"मलाई डर लागिरहेको छ
शहीद, घाइते र बेपत्ताहरूसँग
डर लागिरहेको छ मलाई
हिँड्दै आउको युद्धको बाटोसँग
एकान्तमा लखेटिरहने
आफ्नो सपना र छायाँसँग
स्कुल बन्द भएपछि
हाम्रै झन्डा समाएर रोजगार भएकाहरूसँग डर लागिरहेछ।
एकोहोरो शङ्खको आवाजसँग तेलखानीमा भासिएका छापामारहरूसँग
युद्धको खरानीमा आफ्नो सपना खोजिरहेको
टुहुरा सन्तान र सहिदका पत्नीहरूसँग।

परिवर्तनको सपना र चाहना असरल्ल छन् । युवाहरू बेरोजगार छन् । हिजो भारतको गल्लीमा जान्थे। आज अरू पुग्छन् । लुटपाट अत्याचार यथावत् छ। कुर्चीमा नयाँ अन्धो मान्छे फेरिएको छ। सडकमा मुर्दाशान्ति छ । त्यसैले समय झन्झन् डरलाग्दो हुँदै गएको छ।

म्याउँ गर्ने ठाउँमा कसले समात्ने ? भन्ने मुसाहरूको कचहरीजस्तै बलिदान कसले गर्ने ? जोखिम कसले उठाउने ? बलिदान नगरी परिवर्तन नहुँदो रहेछ। कवि नाजिम हिक्मतको कवितांश कतै पढेकी थिएँ :

"म जलिनँ भने
तिमी पनि जल्नेछैनौं
हामी कोही जलेनौं भने
अँध्यारो रात कसरी हट्ला ?'

मनै जल्छ आफू सकिन्छ । तर त्यही मैनबत्तीको बलिदानबाट औंसीको रात उज्यालो हुन्छ । मैनबत्ती पनि सिङ्गै रहिरहने घरआँगन उज्यालो पनि हुन सक्दैन। त्यसैले देश र समाज सुधारका लागि लगानी बलिदान अनिवार्य भएको छ।

# रसुवाली कवि पुनः गिरफ्तार

**काठमाडौँ** : रसुवाली कविका नामले परिचित कवि तथा पत्रकार ठाकुरप्रसाद तिमिल्सिनालाई प्रहरीले पुनः गिरफ्तार गरेको छ। बुधबार प्रदर्शनीमार्गस्थित नेपाल ल क्याम्पसअगाडि काठमाडौं प्रहरी परिसर टेकुको टोलीले गिरफ्तार गरेको प्रत्यक्षदर्शीले बताएका छन् ।

लामो हिरासत बसाइ र लामो तारिखबाट भर्खरै मुक्त भएर आफ्नो हिरासत बसाइका अनुभूतिहरू लेख्दै आमसर्वसाधारणलाई सुसूचित पारिरहेको समयमा रसुवाली कविलाई सरकारले पुनः गिरफ्तार गरेर आफ्नो अनुदारवादी, फासिस्ट हर्कत पुनः दोहोऱ्याएको भन्दै सरकारको आलोचना पनि सुरु भएको छ।

रसुवाली कवि देशभक्त, क्रान्तिकारी स्रष्टा हुन् । उनी असल संस्मरणकार र टिप्पणीकार/समीक्षक पनि हुन् । उनको अघिल्लो गिरफ्तारीको समयमा पनि सयौं स्रष्टा र चिन्तकहरूले विरोध गरेका थिए। पत्रकार महासङ्घजस्तो साझा सङ्गठन संस्थाको आमन्त्रणपछि औपचारिक कार्यक्रममा कविता वाचन गर्न जाँदाजाँदै अपहरणशैलीमा कविलाई पुनः गिरफ्तार गरिएपछि प्रगतिशिल कवि, पत्रकार र साहित्यकारलगायतले विरोध जनाएका छन् ।

यसअघि चिया पिउँदै साहित्यिक बहस गरिरहेका उनलाई बालाजुको हिलेगाउँ क्षेत्रबाट सशस्त्र प्रहरीको सादा पोसाकमा खटिएको एक टोलीले वैशाख २ गते गिरफ्तार गरको थियो।

उनको गिरफ्तारीको चौतर्फी आलोचना भएपछि वैशाख २६ गते उनी रिहा भएका थिए । नेपाल कम्युनिस्ट पार्टीको नेता भन्दै कविलाई गिरफ्तार गरिएको थियो। पछिल्लो समय सरकारको आलोचना गर्ने जोकोहीलाई पनि प्रहरीले गिरफ्तार गरेर हिरासतमा राख्न थालेको छ।

पत्रकार, साहित्यकारलगायत सरकारको आलोचना गर्ने नेपाली जनतालाईसमेत गिरफ्तार गरिरहेको सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध नै लगाएको छ। प्रतिबन्धपछि उक्त पार्टीका २ जना नेता-कार्यकर्ताको प्रहरीले हत्यासमेत गरिसकेको छ।

रसुवाली कविलाई बिनाकारण गिरफ्तार गरिएको भन्दै रिहाइको माग गर्दै सामाजिक सञ्जालमा सरकारको फासिवादी रबैयाको व्यापक विरोध भइरहेको छ। चौतर्फी विरोध भएपछि प्रहरीले उनलाई मुक्त गरेको छ।

# सर्वसाधारणले लगाइदिए गाउँपालिका र वडा कार्यालयमा आगो

**कालीकोट** : जिल्लाको नरहरिनाथ गाउँपालिकाको कार्यालयमा सर्वसाधारणले आगो लगाएर ध्वस्त पारिदिएका छन् । गत मङ्गलबार राति गाउँपालिकाको कार्यालयसहित वडा नम्बर ५ र ६ को कार्यालयमा पनि आगो लगाएर तोडफोड गरिएको छ । नेपाल कम्युनिस्ट पार्टीले सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको हत्याको विरुद्ध १० गतेका लागि आह्वान गरेको नेपाल बन्दको अवज्ञा गरेको भन्दै सर्वसाधारणले आगो लगाइदिएको प्रत्यक्षदर्शीले बताएका छन् ।

मध्यरातमा आगो लाग्दा महत्वपूर्ण कागजात जलेर नष्ट भएको र ३ करोडको क्षति भएको दाबी गाउँपालिका अध्यक्ष धीरबहादुर बिष्टले गरेका छन्।

यसैगरी सर्वसाधारणले मङ्गलबार राति नै नरहरिनाथ ५ रूपसा र ६ माल्कोट सेरापाटास्थित वडा कार्यालयमा पनि तोडफोड गरी आगो लगाइदिएको समाचार प्राप्त भएको छ।

# रविलाई रिहा गर्न युवा सङ्गठनका अध्यक्ष जङ्गलीको माग

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठन, नेपालका अध्यक्ष पाटन जङ्गलीले बिहीबार विज्ञप्ति प्रकाशित गरी आफ्नो सङ्गठनका केन्द्रीय सदस्य रविलाई मकवानपुरको बगैया गाउँपालिकाअन्तर्गत छतिवन जुरेलीबाट केपी-बादल गृह प्रशासनले गिरफ्तार गरेको भन्दै घोर आपत्ति प्रकट गरेका छन् ।

अध्यक्ष जङ्गलीले विज्ञप्तिमा भनेका छन्, 'कथित केपी-बादल गृह प्रशासनले हाम्रो महान् तथा गौरवशाली सङ्गठन युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य कमरेड रविलाई मकवानपुरको बगैया गाउँपालिकाअन्तर्गत छतिवन जुरेलीबाट बिनाकारण गिरफ्तार गरेको छ। सङ्गठनको कामको सिलसिलामा उक्त ठाउँमा रहेका कमरेड रविलाई गिरफ्तार गरी झूट्टा मुद्दा लगाएकोप्रति घोर भर्त्सना गर्दछौं।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'पश्चिमा शक्तिकेन्द्र तथा विभिन्न साम्राज्यवादी शक्तिकेन्द्रहरूको प्रत्यक्ष निर्देशन र डिजाइनमा खड्गप्रसाद वलीको सरकारले नेपाली जनतामाथि बर्बरतापूर्ण हर्कतहरू गरिरहेको छ । साम्राज्यवादीहरूको स्वार्थ पूरा गर्न अहोरात्र खटिएको कठपुतली केपी-बादलमण्डलीलाई यसप्रकारका हर्कत नगर्न हाम्रो सङ्गठन चेतावनी दिन्छ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'साम्राज्यवादीहरूको प्रत्यक्ष निर्देशनमा कमरेड रविलगायत देशैभर जेल तथा हिरासत जीवन बिताइरहनुभएका सम्पूर्ण क्रान्तिकारी योद्धाहरूलाई निःसर्त रिहा गरी नागरिकको मौलिक हक स्थापित गर्न जोडदार माग गर्दछौं । अन्यथा दमनविरुद्ध प्रतिरोध हुने आम नेपाली जनतामा सुसूचित गर्छौं।'

# किसान सङ्गठनका गोरखा जिल्ला संयोजक पन्त गिरफ्तार

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका गोरखा जिल्ला सदस्य तथा अखिल नेपाल किसान सङ्घ क्रान्तिकारीका जिल्ला संयोजक रोहितप्रसाद पन्तलाई प्रहरीले पक्राउ गरेको छ।

गत बुधबार राति ११ बजेतिर सहिद लखन गाउँपालिका ४ को राइनासबाट पन्तलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । पन्तलाई कुरिनटार प्रहरी चौकीका प्रहरीले नियन्त्रणमा लिएको बताइएको छ। पन्तमाथि राजद्रोहको कसुरमा जिल्ला अदालत गोरखाबाट ५ दिनको म्याद थप गरी अनुसन्धान भैरहेको प्रहरीले बताएको छ।

## सरकार युद्ध ...

कार्यकर्तालाई गिरफ्तार गरी झूट्टा मुद्दा लगाएर सरकार युद्ध थोपर्दैछ। तर हामी युद्ध चाहिरहेका छैनौं। हामीलाई वली सरकारले किस्ताकिस्तामा ठूल्ठूला कथा सुनाउनु पर्दैन । देशको राष्ट्रियता, जनतालाई गाँस, बास र कपासको व्यवस्था गर । दलाल र भ्रष्टहरूमाथि कारबाही गर।'

कार्कीले भने, 'राज्यसत्ता जनतामाथि निर्विवेकी बनेर जनतालाई आक्रोशित बनाइरहेको छ। मेरो गिरफ्तारीविरुद्ध नेकपा मात्र नभएर सबै पार्टीका नेता, कार्यकर्ता, स्वतन्त्रताप्रेमी र देशभक्तहरूसमेत एक भएर आवाज उठाए। सरकारविरुद्ध लखौंको जनमत तयार भयो। सरकारले नेकपामाथि लगाएको प्रतिबन्ध खारेज गर्न माग गरे।'

'हामी उत्तेजित बनेका छैनौं तर सरकार जबर्जस्ती हामीलाई उत्तेजित बनाउन खोजिरहेको छ । कच्चापन देखाइरहेको छ। जिम्मेवार बन्न सकिरहेको छैन। जनता यही गतिमा सरकार र सत्ताविरुद्ध लागिरहे भने उसलाई थेग्न गाह्रो पर्नेछ', कार्कीले भने, 'मजस्तो चौबाटोको, राष्ट्रियता पक्षधर एउटा खुला अभियन्तालाई देश र जनताका आवाज उठाउन नदिएर मुख बन्द गर्ने सरकारी षड्यन्त्रका विरुद्ध लाखौं मानिस आक्रोशित बने। यो सरकारको प्रतिकूल अवस्था हो।'

आफू जीवनमा कहिल्यै नहारेको र हार्ने काम नगरेको प्रस्ट पार्दै कार्कीले भने, 'करमारा एनसेललाई कर तिराउने नो ट्याक्स, नो एनसेल अभियान, पूर्ण खोप अभियान, प्रसूतिकेन्द्र खोल्ने अभियान सबैमा जितेर आएको मानिस हुँ। त्यसैले म नेकपामा समर्पित भएर जुन क्रान्तिलाई साथ दिइरहेको छु, यो पनि हार्ने आन्दोलन होइन। देश र जनताले जित्ने आन्दोलन हो।' आफ्नो रिहाइका लागि आआफ्नो ठाउँबाट आवाज उठाउने र लाग्ने सबैलाई उनले धन्यवाद पनि दिए।

# बाँके खोला हत्याकाण्डका मृतकका परिवारलाई क्षतिपूर्ति दिन नेकपाको माग

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीले सर्लाही जिल्लाको बाँके खोलामा ठेकेदारहरूको लापरबाहीका कारण खाल्डोमा परी १२ वर्षीय अमितकुमार यादवको मृत्यु भएको घटनाका विरुद्ध आक्रोशित सर्वसाधारणमाथि जनपद र सशस्त्र प्रहरीले अन्धाधुन्द गोली चलाउँदा स्थानीय केवल महराको मृत्यु र दर्जनौं जनसमुदाय घाइते भएको घटनाको निन्दा र भर्त्सना गरेको छ । नेकपाले राज्यको त्यसप्रकारको स्वेच्छाचारी र क्रूरताको घोर विरोध एवम् भर्त्सना गर्दै मृतक परिवारलाई उचित क्षतिपूर्ति दिन, घाइतेको शीघ्र उपचार गर्न र हत्यारालाई तत्काल कारबाही गर्न पनि माग गरेको छ।

नेकपा जनकपुर ब्युरो इन्चार्ज अरुणले सोमबार वक्तव्य जारी गरी भनेका छन्, 'बाँके खोलाको दुवैतर्फ ठेकदारहरूले प्रशासनसँग मिली सञ्चालित अवैध क्रसर उद्योगले व्यापक मात्रामा प्राकृतिक दोहन र जथाभाबी उत्खनन गर्ने गरेकै कारण त्यहाँ बन्न गएको खाल्डोमा परी १२ वर्षीय अमितकुमार यादवको मृत्यु भएको छ । यसको विरोधमा आन्दोलित सर्वसाधारण जनसमुदायमाथि जनपद र सशस्त्र प्रहरीले अन्धाधुन्द गोली चलाउँदा स्थानीय केवल महराको मृत्यु र दर्जनौं जनसमुदाय गम्भीर घाइते भएका छन् । हाम्रो पार्टी राज्यको त्यसप्रकारको स्वेच्छाचारी र क्रूरताको घोर विरोध तथा भर्त्सना गर्दछ। साथै मृतक परिवारलाई उचित क्षतिपूर्ति, घाइतेको शीघ्र उपचार र हत्यारालाई तत्काल कारबाहीको जोडदार माग गर्दछ।'

पार्टीले अत्यधिक प्राकृतिक दोहन गर्ने सम्पूर्ण क्रसर उद्योग तत्काल बन्द गर्न सम्बन्धित सबैलाई आग्रह पनि गरेको छ । वक्तव्यमा भनिएको छ, 'बाँके खोलामा स्थानीय प्रशासन र केही जनप्रतिनिधिहरूलाई मोटो रकम खुवाई अत्यधिक प्राकृतिक दोहन गर्ने सम्पूर्ण क्रसर उद्योग तत्काल बन्द गर्न सम्बन्धित सबैलाई आग्रह गर्दछ। अन्यथा त्यससँग सम्बन्धित सबै पक्षको उचित भण्डाफोर र आवश्यक कारबाही गर्न आम जनसमुदायका साथमा हाम्रो पार्टीले पहलकदमी अगाडि बढाउनेछ।'

वक्तव्यमा भनिएको छ, 'पुलिस प्रशासनको ज्यादतीविरुद्ध स्थनीय जनताले गरेको प्रतिरोधप्रति हाम्रो पार्टीको पूर्ण ऐक्यबद्धता र उच्च सम्मान रहेको छ । तर त्यसलाई निहुँ बनाई हाम्रो पार्टीका कार्यकर्तालाई फसाउन राज्यले गरेको षड्यन्त्रको पार्टी घोर निन्दा तथा भर्त्सना गर्दछ । जनताले स्वतस्फूर्त गरेको त्यो आन्दोलनको निहुँमा हाम्रो पार्टीका कार्यकर्तालाई फसाउने कोसिस गरिएमा पार्टीले त्यसको सशक्त प्रतिरोध गर्नेछ।'

अरुणको वक्तव्यको अन्त्यमा भनिएको छ, 'क्रसर उद्योगका ठेकेदार, घुस्याहा जनप्रतिनिधि र प्रशासनका विरुद्ध आम जनसमुदायलाई अझ बढी भण्डाफोर गर्न र आवश्यक आन्दोलन गर्न हाम्रो पार्टी अपिल गर्दछ।'

# एक सय २२ दिनपछि सेक्रेटरी खड्का रिहा

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी गुल्मीका जिल्ला सेक्रेटरी खिम खड्का एक सय २२ दिनपछि आइतबार सर्वोच्चको आदेशमा रिहा भएका छन् । खड्कालाई सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरण रिटपछि रिहा गर्न आदेश दिएको हो।

पार्टी कामको सिलसिलामा बाटोमा हिँडिरहेका खड्कालाई सादा पोसाकमा आएका प्रहरीले रेसुङ्गा नगरपालिकाबाट गिरफ्तार गरेको थियो । उनी १४ दिनको हिरासतपछि फागुन ७ गते रिहा भई २०७५ फागुन १९ गते सदरमुकाम तम्घासबाट जिल्ला प्रहरी कार्यालय गुल्मीले समाजमा शान्तिसुरक्षामा खलल पुऱ्याएको भन्दै खड्कालाई पुनः गिरफ्तार गरेको थियो । सेक्रेटरी खड्कालाई सदरमुकामबाट अर्घाखाँची हुँदै काठमाडौं पुऱ्याएर असार १५ गते काठमाडौं सर्वोच्च अदालतबाट रिहा गरिएको हो।

समय–समीक्षा

# रक्तपिपासु सत्ताविरुद्ध विस्फोटक काव्य–सिर्जना



अशोक सुवेदी

*मेरो रगत बग्यो भने*
*यही पवित्र माटोमा मिलोस्*
*शरीर ढल्यो भने*
*प्रिय सहिद–सपूतहरूसँगै सुतोस् !*
*नलागोस् खोट, आदर्श बाँचिरहोस्*
*खपेर सारा चोट सपना चम्किरहोस् !*
**विप्लव**

सत्ता अब खुलेरै जनताको, सचेत नागरिकको र विद्रोहीको रगत मनपराउने बन्दै गएको छ। रगत पिएर मैमत्त हुँदै रमाउने प्रवृत्ति रक्तपिपासु प्रवृत्ति हो । यो दलाल पुँजीवादी सत्ताका रक्षक सरकारका मुखौटाहरू दैनिक जनता र विद्रोहीहरूको रगत नपिई र तिनको रगतमा पौडी नखेली शान्त नहुने गतिविधि गरिरहेका छन् । यस्तै रक्तपिपासु शासकहरूका कारण समाज जबर्जस्ती मुठभेडमा गएको छ। गत जेठ ७ गते भोजपुरमा तीर्थ घिमिरे 'राजु' को हत्या गरेपछि रक्तउन्मादले रक्तपिपासु बन्दै गएको सत्ता झन्झन् क्रूर बन्दै गएको छ । असार ५ गते अर्थात् कमरेड राजुको हत्याको झन्डै एक महिनापछि सर्लाहीका नेकपाका जिल्ला इन्चार्ज कुमार पौडेललाई गिरफ्तार गरी दुवै हात भाँचेर टाउकामा गोली हानी हत्या गऱ्यो । यस्तो गैरन्यायिक हत्या शाहीकालमा समेत विरलै हुने गरेको थियो। यसले देखाउँछ केपी वली सरकार एकीकृत जनक्रान्तिको उदाउँदो सूर्यको राप र प्रतापबाट अत्तालिएको छ र वली सरकारका बुख्याँचा गृहमन्त्री रामबहादुर थापा भटाभट विद्रोहीहरूलाई मारेर आफ्नो रामराज्य टिकाउन सकिन्छ भन्ने ठूलो भ्रममा देखिन्छन् । कालीकोटमा बलिदान गर्ने धनरूप बटालादेखि कैलालीमा बेलिदान गर्ने सनराइज हुँदै काठमाडौं विस्फोटमा बलिदन गर्ने महान, दीपेन्द्र, प्रज्वल शाही, निरन्तर, रामकुमार र कुमार पौडेलसम्म आइपुग्दा एकीकृत जनक्रान्तिमा बलिदान हुने योद्धाहरूको सङ्ख्या नौ पुगेको छ।

वली सरकार सहिदको खेती गरेर मुलुकमा मुठभेड बढाउने र युद्ध लादेर सङ्कटकाल घोषणा गरी आफ्नो सकिनै लागेको आयु बढाउने योजनामा देखिन्छ। यसै साता प्रकाशित भएको छ सुकेधारा विस्फोटमा बलिदान गर्ने रामकुमार श्रेष्ठले आफू हारेर होइन, जितेरै आउने, बरु सहिद बनेर फर्किने भन्दै गरेको घोषणा। आफ्नो शवमा कम्युनिस्ट पार्टीको रक्तरञ्जित झन्डा ओढाइदिनू भन्ने भावको मार्मिक सन्देशसहित उनले दिदी सुनिता श्रेष्ठलाई दिएको जबाफ पनि त्यहीँ प्रकाशित भएको छ । यसै साता एउटा अन्तर्वार्ताको अंशका रूपमा प्रकाशित भएको हो नेकपाका महासचिवसमेत रहेका स्रष्टा विप्लवको कविताको उक्त मार्मिक अंश।

एकातिर सत्ताधारीहरू कसरी दलाल संसदीय सत्ता जोगाउने भन्ने ध्याउन्नमा छन् र धमाधम निहत्था विद्रोहीहरू खोजीखोजी नियन्त्रणमा लिएर गोली हान्दै सिध्याउने र आफ्नो रक्तपिपासु सत्ता जोगाउने मृगमरिचिका र दुःस्वप्न देखिरहेका छन्, अर्कातिर यो सत्ताको अन्त्य र वैज्ञानिक समाजवाद स्थापनाका लागि वर्गयुद्धमा लामबद्ध भएर रगत बगाउन तम्सिएका युवाहरूको ताँती थेगिनसक्नु गरी जुर्मुराएको छ । यसै मेसोमा स्रष्टा एवम् नेता विप्लवले आफ्नो बलिदान यही माटोमा होओस् भन्ने इच्छासहितको क्रान्तिकारी आवेगयुक्त वैचारिक सिर्जना पस्किएर सहिद बन्न लामबद्ध योद्धाहरूको मनमनमा स्थान बनाएका छन् । क्रान्ति हाँक्ने नेतृत्व र क्रान्तिमा आबद्ध योद्धाको बुझाइ र हिँडाइको एउटै गति, उचाइ, गहिराइ र व्यापकता देख्दा लाग्छ, अब यो दलाल पुँजीवादी सत्ताको दिनगन्ती सुरु भइसकेको छ र क्रान्तिकारीहरूलाई मुठभेडका नाममा नियन्त्रणमा लिइसकेपछि हत्या गर्न आदेश दिने वादल, कुहिरो र हुस्सुहरू क्रान्तिको बलिवेदीमा बत्तीका पुतली हुने दिन नजिकिँदै गएको छ।

यी दुई सातामा सामाजिक सञ्जालका जनपक्षीय भित्ताहरू कुमार पौडेलको बलिदानीका पक्ष र रक्तपिपासु सत्ताका क्रूरताका विरुद्ध पोतिएका छन् । कवि बीपी विद्रोहीले ' लखन्ती खोलो' शीर्षक कवितामा सरल भाषामा लेखेका छन् :

*लालबन्दीको छेउमै*
*चुरेसँग लडिबुडी खेल्दै*
*बगिरहेछ लखन्ती खोला*
*धर्तीमाताको काखमा पोखिएको छ*
*रातो, गाढा रगत*
*भाँचिएका हातमा थमाइएको छ सरकारी बन्दुक*
*एकटकले हेरिरहेको छ एउटा निर्जीव घोडा*
*बाँसका हरिया झ्याङहरू चुपचाप हेरिरहेछन्*
*सरकारी मान्छेजस्ता देखिने केही अनुहारहरू*
*एकआपसमा गरिरहेछन् कानेखुसी*
*सायद तानाबाना बुनिरहेका हुँदा हुन मुठभेठको !*
*ढिलो गरी प्रयोजित समाचार आउँछ-*
*दोहोरो भिडन्तमा मारिए कुमार...*

यो असार ५ गते सर्लाही लालबन्दी १ लखन्ती खोलामा नियन्त्रणमा लिएर ठाउँठाउँमा हात भाँचेर हात र टाउकोमा गोली हानी मारिएका नेकपा सर्लाही इन्चार्ज कुमार पौडेलको नृशंस हत्याको सन्दर्भ हो अर्थात् सरकारमा रगतको उन्माद चढेको समय र अवस्थाको कविता हो।

क्रियाशील प्रगतिशील स्रष्टा सरिता तिवारीले एउटा शक्तिशाली कविता पोस्ट गरेकी छिन् । त्यो कविताले पनि निःशस्त्र र निहत्था मानिसको भयावह मृत्युको कुरा गरेको छ र त्यस किसिमको हत्यालाई ललकार गरेको कुरा गरेको छ :

...त्योभन्दा अझै ज्यादा छ
स्वतन्त्र मान्छे हुनुको अमोघ अहंकार
यो कुरूप सत्ताका
सारा शक्तिहरूसँग लड्ने इच्छाशक्ति !
आऊ शासकहरू
दाग मेरो निधारमा पनि गोली !
मलाई यो समयसँगको प्रेमका नाममा
मन्जुर छ सहादत !

न्यायका निम्ति, अन्यायका विरुद्ध निधारमा गोली थाप्ने र बलिदान गर्ने कुरा कायरहरूले सोच्नसक्ने विषय होइन, वीरवीराङ्गनाका शब्दकोष र जीवनमा मात्र हुन्छन् यी शब्दहरू । पलभरका लागि हातमा हतियार बोकेका शासकहरू सम्झिन्छन्- यो हतियार सधैँ मेरो हातमा मात्र हुन्छ र मेरो सत्ता, मेरो शासन, मेरो अहंकार अस्वीकार गर्नेहरूले सधैँ मेरो गोलीको निशानामा पर्नुपर्ने हुन्छ तर स्रष्टा यस्तो स्वाभिमानी जीव हो जो कृष्ण सेन 'इच्छुक' बन्न तयार हुन्छ तर दासता अस्वीकार गर्छ । अत्याचार, विभेद अस्वीकार्य हुन्छ उसलाई । वाक्वाकी लाग्छ सत्ताको मनपरी दोहन । क्रूरताको पराकाष्ठा देखेपछि स्रष्टाहरू स्वाभाविक रूपमा अग्रपङ्क्तिमा उभिन्छन् लाम लागेर, अन्जान विरही र रोहित कोइराला बन्न तयार हुन्छन् । डी कौडिन्य र चुनु गुरुङ बन्नुमा गर्व गर्छन्, दिलमाया बम्जनको इतिहासले लोभ्याउँछ तर सत्ताको भाट बन्नुसँग अत्यन्त घृणा हुन्छ उनीहरूलाई।

नेपाल कम्युनिस्ट पार्टीका सर्लाही जिल्ला इन्चार्ज तथा स्थापित एवम् लोकप्रिय सुकुमबासी नेता कुमार पौडेलको प्रहरीले गोली हानी हत्या गरेपछि सामाजिक सञ्जालमा पोस्ट भएका केही सिर्जनाहरूले क्रान्तिका लागि झन् धेरै राम्रो वातावरण निर्माण गरेका छन्।

गैरकानुनी हत्याको सन्दर्भलाई नै लिएर प्रवेश दाहालले प्रियसीलाई सम्बोधन गर्दै लेखेका छन् :

*प्रियसी,*
*आज एकाबिहानै*
*रेडियोले समाचार फुक्यो*
*दोहोरो मुडभेटमा*
*एकजना हतियारधारीको मृत्यु*
*आतङ्ककारीसँग गोली हानाहान*
*यो समाचार सुनेर*
*एक हुल भिजिलान्तेले दीपावली मनाए*
*सत्ताको गोलीले मारिने*
*त्यो हतियारधारी, त्यो आतङ्ककारीझ*
*एक देशभक्त युवा थियो*
*जसको कसुर थियो*
*विचारको हतियार बोकेर*
*देशलाई अगाध प्रेम गर्नु*
*मुक्तिको आकाङ्क्षा राख्नु*
*स्वाधीनताको वकालत गर्नु !!!*

कवि मीनेन्द्र भण्डारी 'निश्चल' ले वर्तमानमा समयले मजाक गरिरहेको अर्थ्याएका छन् । हिजो एउटै सपना देखेर सहयात्री र सहयोद्धा बनेर हिँडेकाहरू आज दुई वर्गमा विभक्त भएको यथार्थ कवितामा अभिव्यक्त छ। 'समयको मजाक' शीर्षक कवितामा उनी भन्छन् :

*...समयको भद्दा मजाकसँगै*
*म अझै गतिशील छु यतै*
*मौका सही छ शासक !*
*आऊ, च्याप्प समाऊ*
*र मेरो निधारमै दाग गोली*
*तिम्रो सत्ताका विरुद्ध*
*सहादत नै प्रिय छ मलाई।*
*हिजो सँगै लडेका हौँ युद्ध*
*बसेका थियौँ एउटै सेल्टरमा*
*र कसेका हौँ सयौँ मोर्चाहरू।*
*अपसोच !*
*डराएर क्रान्तियात्रादेखि*
*तिमी हराएका हौ जनशिविरबाट*
*र बेचेर त्यही अलिकति उपलब्धि*
*पाएका हौ अवसरको त्यो सत्ता।*
*तर म त्यही मोर्चा समाल्दैछु*
*जो तिमी स्वयम्ले सिकाएका थियौ।*

हिजो सँगै युद्ध लडेर आएका केही पात्रहरू यो विभेदपूर्ण सत्ताका रक्षक छन्, सरकार चलाइरहेका छन् । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा हिजो सँगै युद्ध लडेकाहरूमध्ये आज एउटा पक्ष युद्धलाई सम्झौतामा टुङ्ग्याएर समाजवाद आयो भन्दै सरकारमा छ तर अर्को पक्ष देश र जनताका समस्या ज्यूँका त्यूँ रहेको भन्दै क्रान्तिको बाटोमा छ। त्यही क्रान्तिको बाटोमा हिँडेको पक्षलाई सरकारले गोली दागिरहेको छ र हत्या गरिरहेको छ। कवि भण्डारीले त्यही कुराको सङ्केत गरेका छन्।

सत्ताको मैमत्तपन र निरङ्कुशताको सन्दर्भलाई कवि डा. रामप्रसाद ज्ञवालीले ' अचम्मको वीर' शीर्षक कवितामा यसरी शब्दमा उतारेका छन् :

*कब्याट् पोसाक लाएको धनी तालिमको पनि*
*देशको नुन खाएको वीरताको महाधनी*
*गोलाबारुदका डल्ला छिन्नभिन्न गराउँछ !*
*अचम्मको छ यो वीर 'कवि' देखी डराउँछ !*
*ठुला बन्दुकका सामु लड्छ बोकेर यो छुरा*
*मृत्युदेखि डराउन्न विश्व मान्दछ यो कुरा*
*चनाका भरमा लड्दै शत्रुलाई हराउँछ !*
*अचम्मको छ यो वीर 'कवि' देखी डराउँछ !*

सन्दर्भ कविको गिरफ्तारी भए पनि यो न्यायका पक्षमा रहेका सबैमाथिको शोषण, दमन, हत्या र बलात्कारका विरुद्धको शक्तिशाली आवाज हो।

सामाजिक सञ्जालमा कवि खोमा तरामु मगरले समाज रुपान्तरणका लागि आफैँ जलेर आमूल परिवर्तनको यात्रा आरम्भ गर्नुपर्ने सन्देशसहितको नाजिम हिक्मतको यो कवितांश पोस्ट गरेका थिए :

*म जलिनँ भने*
*तिमी पनि जल्नेछैनौ*
*यदि हामी कोही जलेनौँ भने*
*अँध्यारो रात कसरी हट्ला ?*

अँध्यारो हटाउन उज्यालो बल्नैपर्छ। उज्यालो बल्न केही त सल्किनैपर्छ। केही पनि र कोही पनि नबल्ने, नसल्किने हो भने उज्यालोको मात्र अपेक्षा गर्नु न्यायोचित हुँदैन। भूपी शेरचनले कुनै समयमा लेखेका थिए :

*हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए*
*बन्दैन देश दुईचार सपूत मरेर नगए*

नाजिम हिक्मतको होस् वा भूपी शेरचनको अथवा विप्लवकै काव्यात्मक सन्देशहरूले भन्छन्- मुक्तिका लागि, अँध्यारोको अन्त्यका लागि, उज्यालोको स्थापनाका लागि बल्नैपर्छ, बलिदान हुनैपर्छ र त्यसका लागि सबैभन्दा अघिल्लो पङ्क्तिमा सबैभन्दा बढी बुझेकाहरू लामबद्ध हुनुपर्छ । रामकुमार श्रेष्ठ, कुमार पौडेललगायत एकीकृत जनक्रान्तिका नौजना सहिदको सुन्दर ताँती/पङ्क्ति हेर्दा लाग्छ, अब फेरि त्याग, शौर्य, साहस र बलिदानका लागि सुन्दर युवाहरूको लामो लाम तयार भइसकेको छ। आर्थिक स्वार्थ, लम्पट र गुटहरू निर्माण गर्ने प्रचण्ड स्कुलिङ अब क्रमशः समाप्तिको दिशातिर अग्रसर भइरहेको छ । यही बुझेरै हुनुपर्छ हिजो जनयुद्धबाट आएका तर आज विरासतलाई धुलोमा फ्यालेर दलाल संसद्वाद जोगाउन क्रान्तिकारीहरूमाथि गोली दाग्न आदेश दिइरहेको रामबहादुर थापाहरूका जिब्रा र मस्तिष्कहरू पनि लकपकाइरहेको अनुभूति भइरहेको छ।

यसै सन्दर्भमा स्रष्टा ओमप्रकाश पुनले 'ए नेपाली फुजिमोरी' शीर्षकमा असार ५ गते अर्थात् कुमार पौडेलको बलिदानी भएको दिन एउटा आवेगपूर्ण कविता पोस्ट गरेका छन् :

*केपी, पीके र रामेहरू हो*
*अमेरिकाको कलो खाएर*
*कुकुर अल्बर्ट फुजिमोरीले*
*पेरूका क्रान्तिकारी जनतामाथि*
*हत्या, हिंसा र आतङ्क मच्चायो*
*साम्राज्यवादीको इसारामा*
*जनताका क्रान्तिकारी प्रिय नेता*
*कमरेड गोन्जालोलाई*
*आजीवन काराबास हाल्यो*
*र सपना देख्यो-*
*अब म पेरूको*
*आजीवन शासक बन्छु*
*तर अपसोच !*
*जब मालिकहरूले*
*आफ्नो उद्देश्य पूरा गरे*
*तब कुकुर फुजिमोरीलाई*
*दूधमा परेको झिँगा टिपेझैँ*
*टपक्क टिपेर फाले*
*जनताको 'नजर' मा*
*फासिवादी फुजिमोरी*
*महान् मानवताविरोधी*
*नाङ्गो भ्रष्टाचारी*
*र जनविरोधी साबित भयो*
*हो, आज त्यसरी नै*
*साम्राज्यवादीका दलाल*
*केपी, पीके र रामेहरू*
*नेपालमा पनि*
*आजीवन शासक बन्ने*
*भूतको घोडामा सवार गरेर*
*साम्राज्यवादीहरूको इसारामा*
*तीर्थ घिमिरे र कुमार पौडेलमाथि*
*गोली बर्साउछन् र भन्छन्-*
*विप्लव नेकपाका कार्यकर्तासँग*
*दोहोरो भिडन्त भयो।*
*धिक्कार छ ती तिम्रा झूट्टा फरमानहरूको*
*आफ्नो कायरतालाई ढाकछोप गर्न*
*नक्कली भिडन्तको नाटक गरी*
*क्रान्तिकारीको रगतमा होली खेल्ने*
*सहिदको खेती गरी गुजारा चलाउने*
*नेपाली क्रान्तिका नायक*
*कमरेड विप्लवलाई*
*गोन्जालो बनाउने सपना देख्ने*
*ए नेपाली फुजिमोरी*
*केपी, पीके र रामेहरू हो*
*खबरदार !*
*ती तिम्रा कथित सपनाहरू*
*छिट्टै चकनाचुर हुनेछन्*
*आजीवन शासक बन्ने अभिलाशाहरू*
*छिट्टै धुलोमा विलीन हुनेछन्*
*र तिम्रा ती काला कर्तुतहरू*
*अनि नक्कली मुखुण्डो*
*छिट्टै च्यातचुत हुनेछन्*
*एकीकृत जनक्रान्तिको*
*महाअभियानले*
*तिमीलाई एक दिन*
*लालगद्दार घोषित गर्दै*
*नेपाली फुजिमोरी दलाल साबित गर्नेछ।*

विशेषगरी क्रान्तिकालीन कवितामा रूपभन्दा सार पक्ष शक्तिशाली हुन्छ र बिम्बभन्दा विषयवस्तु र विचार प्रभावकारी हुन्छन्। पुनको कविताले पनि वर्तमानका शासकहरूलाई पैरूका शासक अल्बर्टो फुजिमोरीसँग तुलना गर्दै साम्राज्यवादको दलाल घोषणा गरेको छ र यहाँका शासकहरूको अवस्था पनि फुजिमोरीकै जस्तै पतीत बन्ने दाबी गरेको छ।

सरकारी दमन र नक्कली भिडन्तविरुद्ध सचेत स्रष्टाहरू सिर्जना गरिरहेका छन् र सत्ताको रक्तपिपासु चरित्रको उछित्तो काढिरहेका छन् । सत्य बोल्ने हुनाले नै प्लेटोले गणराज्यहरूबाट स्रष्टालाई देश निकाला गर्नुपर्ने धारणा राखेको सन्दर्भ यहाँ सान्दर्भिक हुन सक्छ । रसुवाली कवि लेख्छन् ;

*दोहोरो भिडन्तमा*
*जब*
*छेडिन्छ एउटाको मात्र छाती*
*चुँडिन्छ एउटाको मात्र हात*
*बग्छ एउटाको मात्र रगत*
*क्षतविक्षत हुन्छ एउटाको मात्र शरीर*
*जरुर साथी*
*यो छलको खेती हो*
*यो भ्रमको खेती*
*यो कायरता हो*
*डरलाग्दो यस्तो खेल*
*खेलिँदैछ बर्सौंदेखि*
*खेलाडी मैदानमा नआईकन*
*विजेता हुने खेल*
*कायर पनि विजेता हुने खेल*
*सर्पको खेल*
*जनतालाई हराउने खेल*

सरकारले यस्तो झेली खेल खेल्यो भनेर सत्य बोल्ने यिनै कविलाई पनि सरकारले पटकपटक गिरफ्तार गर्ने र प्रतिशोध साध्ने गलत हर्कत गरिरहेको छ।

प्रभावशाली कवि सङ्गीता पनेरु पनि सत्ताको यो शैली, यो हर्कत र यो निकृष्टताको विपक्षमा छिन् । उनी त यो सरकार, सत्ता र यसका सञ्चालकहरूलाई हिजो सामन्ती सत्ताका सञ्चालक राजा-महाराजासँग तुलना गर्छिन्। उनी लेख्छिन् :

*राजाका हरेक भाषण*
*ध्यानपूर्वक नसुनेको आरोप छ तिमीमाथि*
*राजाको कुरा काट्दै हिँडेको अभियोग छ तिमीमाथि*
*राजाको सवारीमा प्रतिवाद गरेको दोष छ तिमीमाथि*
*त्यसैले होसियार !*
*दुई तिहाइका शक्तिशाली राजाहरूलाई*
*जिस्क्याउन नखोज*
*धम्क्याउन नखोज*
*होइन भने 'मुठभेडमा' मारिन सक्छौ*
*झुक्किएर जेल पुग्न सक्छौं।*

सङ्गीताले यो कथित दुई तिहाइको सरकारलाई राजतन्त्रसँग तुलना गर्दै उसको हिंसात्मक गतिविधिको भण्डाफोर गरेकी छिन्।

जर्मन कवि मार्टिन निमोरको कवितांशले पनि यो समयमा निकै सान्दर्भिकता ग्रहण गरिरहेको छ । शासकहरू यतिबेला नेकपाका नेतादेखि कार्यकर्तासम्मलाई गोली हानेर समाप्त पार्ने, त्यसो गर्न मेसो नमिले घाइते बनाउने, थुन्ने, हिरासतमा राखेर झूट्टा मुद्दामा लामो समयसम्म घुमाउने र राज्यद्रोहको मुद्दामा जेलसम्म पठाउने कार्य गरिरहेका छन्। झट्ट हेर्दा यतबेला यो कार्य विप्लव नेकपामाथि मात्र लक्षित देखिए पनि यो नेपालका सबै क्रान्तिकारी, कम्युनिस्टहरू, विद्रोहीहरू, देशभक्तहरूका विरुद्धको दमन हो। हुँदाहुँदा यो दलाल संसद्वादी सत्ता नभएर सरकारका विरोधीहरू र सत्तासीनहरूभित्रै पनि पद नपाएर विरोधमा उत्रिएकाहरूसम्म लक्षित छ । यो सन्दर्भमा विवादास्पद छवि बनाएका काङ्ग्रेसका युवानेता गगन थापाले संसद्को बैठकमै कवि मार्टिन निमोरको कवितां सम्झिनुपर्ने अवस्था आयो। निमोरले लेखेका थिए :

*पहिले उनीहरू समाजवादीलाई लिन आए*
*म बोलिनँ*
*किनकि*
*म समाजवादी थिइनँ*
*उनीहरू ट्रेड युनियनकर्मीलाई लिन आए*
*म बोलिनँ*
*किनकि*
*म ट्रेड युनियनकर्मी थिइनँ*
*उनीहरू जुजलाई लिन आए*
*म बोलिनँ*
*किनकि*
*म जुज थिइनँ*
*जब उनीहरू मलाई लिन आए*
*मेरा लागि बोल्न बाँकी कोही थिएन।*

वर्तमानका लागि पनि यो ध्रुवसत्य हो। आज विप्लव नेकपाका कार्यकर्ता र नेतालाई गोली हान्दै र मार्दै निरङ्कुशता प्रदर्शन गरिरहेको वली सरकार र दलाल संसद्वादी सत्ता भोलि वैद्य माओवादी, पर्सि कट्टेल नेकपा, निपर्सि खम्बु माओवादी केन्द्र, अर्को दिन अर्को गर्दै काङ्ग्रेससम्म पनि पुग्नेछ किनकि देश र जनताप्रति जबाफदेही नभएर साम्राज्यवाद र उत्तरसाम्राज्यवादप्रति इमानदार यो सत्ता र सरकारले आफ्ना अघिल्तिर देखापरेका सबै बाधकहरूलाई तह लगाउने कानुन निर्माण गरिरहेको छ र देशभर त्यसको विरोध पनि भइरहेको छ। सरकार प्रेस र मिडियालाई अङ्कुश लगाउने विधेयक पारित गर्न लागिरहेको छ र यसका विरुद्ध पत्रकारहरू आन्दोलित छन्। गुठी विधेयकका विरुद्ध त लखौँको जनसागर नै काठमाडौँमा उत्रियो। मानवअधिकार कुण्ठित हुने विधेयक पेस भएपछि अधिकारकर्मीहरू आन्दोलित छन् । महिला, मजदुर, किसान, युवा, विद्यार्थी कोही सन्तुष्ट छैनन् । सन्तुष्ट छन् त सत्ताका आसेपासेहरू र सरकारमा बसेर तर मारिरहेकाहरूको एउटा झुण्ड । मात्र यस्तो अवस्थामा यो कविता अत्यन्त मार्मिक बन्न पुगेको छ।

गत सोमबार कवि सुरेश गौतमले पछिल्लो अवस्था झल्काउँदै एउटा कविता पोस्ट गरेका थिए :

*समाजमा समान न्यायको माग गर्दा*
*खोसिएको स्वाधीनताको खोजी गर्दा*
*हामी हाम्रै भनिएको*
*सरकारको प्रायोजित भिडन्तमा*
*मारिएकै छौँ।*
*बलात्कार र हत्या गरिएकी बालिकाका लागि*
*रित्तो हात गएर सडकमा उभिँदा*
*हाम्रा छातीमा बुट र बन्दुक दागिएकै छ।*
*यो कस्तो समाजवाद हो महोदय ?*
*यसलाई*
*धोका होइन भन्ने*
*गद्दारी होइन भन्ने*
*इमानले सग्लो र जिउँदोजाग्दो को छ ?*

यो सडकको आवाज हो । जनताको आवाज हो। यो आवाज कविताका माध्यमबाट अभिव्यक्त भएको छ।

माइतीघर मण्डलामा सरकारविरुद्ध पोखिएको जनआक्रोशलाई सम्बोधन गर्दै वर्तमानका सशक्त विद्रोही युवाकवि रसुवाली कविले 'माइतीघर मण्डलाबाट' शीर्षकमा पोस्ट गरेको कविता यस्तो छ :

*निषेधित आगो बोकेर*
*रगतको बेगलाई झन् उमाल्दै*
*हामी नारा लगाइरहेका छौँ*
*हामी अधिकार मागिरहेका छौँ*
*हामी न्याय खोजिरहेका छौँ*
*हामी आन्दोलन गरिरहेका छौँ*
*सरकार, तपाईंलाई यस्तो मन पर्दैन*
*त्यो पनि थाहा छ।*
*तपाईं बन्दुक बोकेर उभिनुभएको छ*
*अश्रुग्याँसको नमिठो गन्ध आइरहेको छ*
*पानीका फोहोराहरूले भिजाउन सकिरहका छैनन् हाम्रा आवाजहरू।*
*सरकार, हामीसँग नडराउनुस्*
*हामी बन्दुक बोक्ने कायरहरू होइनौँ*
*गोयबल्स होइनौँ*
*हामी 'माकाफुइँ' पनि होइनौँ*
*...हामी सबैसबै तपाईंलाई मन पराउँदैनौँ*
*जस्तो तपाईं हामीलाई मन पराउनुहुन्न।*
*त्यो राष्ट्रिय झन्डामुनि उभिनुभएको*
*तपाईंका आदरणीय ससुराबा हुन्*
*जो मागिरहेछन् गुठीको अधिकार*
*उनलाई गुठीलाई गुठीजस्तै बनाएर*
*मर्न मन छ।*

यो सन्दर्भ गुठीयारहरूले माइतीघरमण्डलामा गरेको प्रदर्शनको भए पनि सरकारी स्वेछाचारविरुद्ध, अन्याय, अत्याचार र व्यभिचारविरुद्ध, अझै भन्ने हो भन्ने सत्ताकै फासिवादी क्रूरताविरुद्धको अभिव्यक्ति हो र कविले सूक्ष्म रूपमा सरकारका पक्षमा कोही पनि नभएको र सबै विद्रोहमा लामबद्ध भइरहेको तर्फ सङ्केत गरेका छन्।

कुमार पौडेलको हत्यालाई सरकारी पक्षले 'भिडन्त' भनेर भोजपुरमा तीर्थ घिमिरे 'राजु' को हत्याजस्तै पचाउने षड्यन्त्र गरेको छ । यो विषय सरकारले जति ढाकछोप गर्न खोजे पनि गृहमन्त्री नामका बुख्याँचा रामबहादुर थापा र केही थान प्रहरी अधिकृतको प्रायोजित जबाफबाहेक कसैले पत्याएको छैन। सरकारी दलकै कयौँ नेताहरू, संसद्को प्रतिपक्षी काङ्ग्रेसका कयौँ नेता, समाजवादी दल र अन्य स्वतन्त्र सङ्घसङ्गठनहरू पनि यसलाई कथित भिडन्त नभएर हत्या नै हो भनिरहेका छन् र मानवअधिकार आयोगसमेत छानबिन गर्न लागिपरेको छ । कथित गुठी विधेयकमा शर्मनाक पराजय भोगेको वली सरकार हत्याको घटनाबाट विपक्षीहरूको ध्यान अन्यत्र मोड्न र आफ्नो लाज ढाक्न चाहन्थ्यो सायद तर विद्रोहीहरूको हत्या उसका लागि झनै प्रत्युत्पादक बनेको छ।

सरकारी रक्तपिपासुपनका विरुद्ध काठमाडौँ मात्रै होइन, यसभन्दा बाहिरका बजार र गाउँहरूसम्म तरङ्गित छन् । अर्थात् देश नै तरङ्गित छ। काठमाडौँभन्दा बाहिरको अर्को काठमाडौँ अर्थात् पोखराका प्रतिभाशाली युवाकवि बीपी विद्रोहीले सामाजिक सञ्जालहरूलाई अन्यायका विरुद्ध, स्वतन्त्रता, समानता र व्रिदोहका पक्षमा राम्रैसँग उपयोग गरिरहेका छन् । उनी वर्तमानमा मान्छेहरू विद्रोहको दमन गर्ने हतियार उत्पादन गर्ने कारखाना मात्र होइन, विद्रोहका खजाना-सिर्जना उत्पादन गर्ने भट्टी पनि निर्माण गरिरहेका छन् भन्ने भावको 'विद्रोहीको कविता कारखाना' कविता लिएर सामेल भएका छन् :

*त्यहाँ छैनन् दार्शनिक र विद्वान्हरूका*
*ठूलठूला पुस्तकका चाङहरू*
*न छन् इन्टरनेटजडित*
*एप्पल र माइक्रोसफ्टका सुसाङ्ख्य यन्त्रहरू*
*एउटा कुनामा राखिएको छ*
*नौलो बिहानी, रातो खबर, वैज्ञानिक समाजवाद*
*अनि महापतन र केही गजल-कविताका सङ्ग्रहहरू*
*बिस्तरासँगै जोडिएको बिजुलीको प्लगमा*
*जोडिएको छ एउटा 'ह्याङ' भइरहने*
*सामसुङको एउटा पुरानो सेट*
*यो विद्रोहीको कविता कारखाना हो।*
*...*
*दिनभरि पसिनाले भिजेको गन्जी*
*लखतरान परेको शरीर*
*रित्तिएको चामलको बोरा*
*खप्टिएर बसेको घरभाडा र*
*नानीबाबुको विद्यालयको शुल्कको बिल*
*ग्याँसको भुड्को*
*कार्यालयको तलब*
*पोस्ट गरिएका कविता*
*सहनुपरेको शोषणको मार*
*अभावको लात*
*शासकहरूको रबैया*
*गद्दारहरूले दिएको धोका*
*मानसपटलमा गुन्जिरहने सहिदका सपनाहरू*
*चेतनामा सल्बलाउने विद्रोहको झोक*
*राज्यआतङ्क र परिवारमा फिँजाइएको भय*
*यी सबै विद्रोहीका कविता कारखानाका कच्चापदार्थ हुन्।*
*आईएसओ नौ शून्यशून्य दुई*
*'सर्टिफाइड' छैन विद्रोहीको कविता कारखाना*
*बजारको कविता स्टोर*
*कविता मिनीमार्केट*
*कविता सुपरमार्केट*
*कविता सप्लायर्स*
*र कविता ट्रेडर्सहरूमा भेटिँदैनन्*
*विद्रोहीका कविताहरू !*
*ब जा र ला ई*

बाँकी पृष्ठ ७ मा

## रक्तपिपासु ...

*चाहिन्छ 'खाइलाग्दो' कविता*
*रसिलो कविता, 'गुदी' वाला कविता...*
*छेउटुप्पो नमिलेको*
*दुब्लो र पातलो*
*जिरे खुर्सानीजस्तो पिरो*
*विद्रोहीको कविता रुचाउँदैन बजारले ।*
*बजारमा चलिरहेको बेला*
*बहुराष्ट्रिय कम्पनीका कविताहरूको प्रतिस्पर्धा*
*विद्रोहीका कविताहरू*
*शासकहरूलाई ढाल्न बन्दुकको नाल सोझ्याइरहेछन् ।*

वास्तवमै यतिबेला जनताका आवाज भनेका विद्रोहका र विद्रोहीका कविताहरू नै हुन् । पुस्तौँपुस्तादेखि स्वतन्त्रता र समानताका लागि लडेको जनता मुलुकमा लोकतन्त्र र गणतन्त्र भनिएको शासन आउँदा पनि ठाउँठाउँमै अर्थात् जहीँतहीँ लुटिएको छ, सोसिएको छ, दबिएको छ र भोकाएको-तिर्खाएको छ । देश जोगाऊ भन्दा, जनतालाई खाना र नाना देऊ भन्दा, तिमीहरूले हिजो भोट माग्दा वाचा गरेअनुसार गाँस, बास र कपासको व्यवस्था गर भन्दा तिनलाई आतङ्ककारी भन्दै, अपहरण गर्दै हिरासत र जेल हाल्दै गरेको अवस्थामा लेखिने कविता यस्तै हुन् र यसप्रकारका विद्रोही कविता सिर्जनाका लागि विद्रोहीहरूका कविता कारखाना उचित छन् । त्यस्तो कारखानामा उत्पादित कविता र औजारले नै गाँस, बास, कपास, स्वतन्त्रता र समानताको आवाज बोल्न सक्छन् । बजारिया कविताले राष्ट्रियताको मर्मबोध गराउन सक्तैनन् । सत्ताले थुनेको जनताको आवाज खुलाउन, भोकले चिच्याएको श्रमिकको पेट भर्न र भराउने आवाज बुलन्द पार्न सक्तैनन् । त्यसका लागि श्रमिकहरूकै भट्टी आवश्यक पर्छ । बीपी विद्रोहीको यो कविताले नयाँ युगबोध गराउनुका साथै आमूल परिवर्तन अर्थात् वैज्ञानिक समाजवाद स्थापनाका लागि जारी एकीकृत जनक्रान्तिको वैचारिक र सिर्जनात्मक कारखानाको सटिक चित्र उतारेको छ ।

वर्गसङ्घर्षको एउटा उत्कर्ष जनयुद्ध सञ्चालन भइरहेको समयमा युद्ध लडिरहेका घाइते याद्धाहरू वीरगति प्राप्त गर्नुभन्दा अघि अन्तिम इच्छाका रूपमा सुनाउँथे- जनमुक्ति सेनाका सुप्रिम कमान्डरलाई एक झलक भए पनि हेरेर बलिदान गर्न मन छ । तत्कालीन जनयुद्धको सुप्रिमो दलाल वर्गमा पतीत भइसकेकाले अब यो कुरा किंवदन्तीजस्तै भइसकेको छ । एकीकृत जनक्रान्तिका नयाँ सुप्रिमोको वर्ग हिजोको सुप्रिमोको जस्तो उच्च छैन, सामान्य छ । उनलाई योद्धाहरूलाई मात्र आफ्नो अनुहार देखाएर/देखाउन लगाएर शान्तसँग मराउने भोक, इच्छा, रुचि र सोख छैन, बरु आफैँ आफ्नै माटोमा रगत बगाउने र सहिदका शवसँगै सुत्ने इच्छा प्रबल छ :

*मेरो शरीर ढल्यो भने*
*प्रिय सहिद–सपूतहरूसँगै सुतोस् !*

गत जेठ २५ गते कास्की घान्द्रुकको उरीमा चलिरहेको विद्यार्थीको बैठकबाट गिरफ्तार गरिएका पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत स्रष्टा दीपेन्द्र बुढालाई असार १ गते उच्च अदालत पोखराले निर्दोष साबित गर्दै रिहा गर्न आदेश दियो तर लगत्तै प्रहरीले गिरफ्तार गरी झूट्टा मुद्दा थप्न पर्वत जिल्लातर्फ लग्यो । उनले गिरफ्तार हुनुअघि लेखेको 'क्रान्ति तिमी आऊ' शीर्षकको कविता यस्तो छ :

*क्रान्ति तिमी फेरि सचेत बनेर आऊ*
*लाखौँ बज्रधार पहाडहरूले*
*असङ्ख्य ढुङ्गामाटो बर्साएर*
*तिम्रो महानताको परीक्षा लिनेछन्*
*धर्तीमा मेरो अधिकार भन्दै धावा दिने*
*हुस्सु र कुहिरोहरूले*
*तिम्रो तापको डिग्री नाप्नेछन्*
*धर्तीमा सुन्दरताको धारा बर्साउने*
*पवित्र हिउँका ढिक्काहरूले*
*तिम्रो साहसलाई पगाल्ने कोसिस गर्नेछन्*
*त्यसैले तिमी कठोर बनेर आऊ*
*क्रान्ति, तिमी पत्थर भै निस्केर आऊ ।*
*रैतीलाई चुसेर नअघाएका छोटे राजाहरू*
*बलात्कार गरेर नअघाएका नरपशुहरू*
*तिम्रो खुट्टा काट्न खुकुरी उध्याइरहेका छन्*
*राज्यको कुर्सीमा बसेर*
*खुला मैदानमा जन्मभूमिप्रतिका*
*रगत उमाल्ने भाषण अनि*
*जनतालाई दिएको वचन सेलाउन नपाउँदै*
*विदेशी मुद्राहरूमा आत्मसम्मानको मोल तोक्नेहरू*
*तिमीलाई आतङ्ककारीको बिल्ला लगाएर ...*
हे क्रान्ति ,तिमी
मेरो देशको मुक्तिदाता बनेर आऊ ।

*तिम्रो गर्जनसँगै*
*धर्ती डगमगाउँदै*
*लक्ष्यले योद्धा चुन्नेछ*
*परिवर्तनले पाइला चाल्न सुरु गर्नेछ*
*प्रकृति मुस्कुराउनेछ*
*इन्द्रेणीमा सप्तरङ भरिनेछ*
*लाज छोप्न गाह्रो परेको उजेली दिदीको चोली*
*तिम्रो यात्रासँगै सबैतिर टालिनेछ*
*गरिबहरूको मनमा नयाँ ऊर्जा भरिनेछ*
*खान पनि मुस्किल परेकाहरूमा आशा पलाउनेछ*
*अझैसम्म मेरो देश त मसानघाटमा निदाएको छ*
*त्यसैले क्रान्ति, तिमी मेरो देश ब्युँझाउन आऊ*
*मेरो देशको रक्षक बनेर आऊ*
*गरिब-दुःखीको मुक्तिदाता बनेर आऊ*
*हे क्रान्ति, तिम्रो आह्वान गरेको छ देशले*
*तिमी सचेत बनेर आऊ ।*

यसरी कवि बुढाले क्रान्तिको आराधन गर्दै विद्यमान सत्ताले थोपरेका सबै असमानता, अन्याय र व्यभिचारको अन्त्यको एक मात्र अचुक औषधिका रूपमा रहेको क्रान्तिको आह्वान गरेका छन् । क्रान्ति भोकको औषधि हो, क्रान्ति घाउको मलम हो, क्रान्ति सुखदुःखको साथी हो । जाडोको न्यानो र गर्मीको शीतलता हो क्रान्ति । यही क्रान्तिले नै क्रूरता र आततायीपनलाई जीवन बनाएको वर्तमान सत्ताको शमन गर्नेछ, प्रतिरोध गर्नेछ र पिल्सिएका, पाकेका, घाइते बनाएका र थुनिएका सबैलाई मुक्ति दिनेछ भन्ने विश्वास कविको छ । अभिधात्मक शैलीमा लेखिएको यो कविता विषय र बिम्बका हिसाबले शक्तिशाली छ । यही शक्तिशाली विचारको वाहक कविता लेखेकै आरोपमा कविलाई झूट्टा मुद्दा लगाएर हिरासतमा कोचिएको छ । यो निन्दनीय छ ।

सत्तामा रक्तपिपासुपन बढिरहेकैसन्दर्भमा कवि अशोक सुवेदीले दुईवटा काव्यात्मक शैलीका सामग्री सामाजिक सञ्जालमा पोस्ट गरेका छन् । एउटा छ 'खराब मौसम' र अर्को छ 'केही त बोल' । 'खराब मौसम' मा उनी लेख्छन् :

*मौसम खराब-खराब हुँदै गएको छ*
*लाग्छ अबको केही समय*
*चलिरहनेछ दूषित वायु र*
*बढिरहनेछ सहिदको सङ्ख्या*
*र बढिरहेछन् दिनदिनै*
*श्रद्धाञ्जलीका सन्देशहरू पनि ।*
*चलिरहनेछन्*
*अपहरण गरेर*
*आकाश चुम्ने यात्रामा रहेका निःशस्त्र मानिसलाई*
*टाउकोमा गोली ठोक्दै*
*नक्कली मुठभेडको ऐलान गर्ने*
*कलाविहीन नाटकहरू ।*
*यो दुःख र कष्टको समय हो*
*जब हामी पूर्ण रूपमा पार गर्नेछौँ*
*यो प्रतिबन्ध र*
*'सर्च एन्ड एरेस्ट' नामका हत्यारा अभियान*
*बढ्नेछ सयौँ गुणा विद्रोहीहरूको लाम*
*र सहिदमा नाउँ लेखाउने*
*विद्रोही युवाहरूको पनि ।*
*एक दिन*
*जब एक हुनेछन् स्वतन्त्रताप्रेमी हृदय र मुठीहरू*
*केवल मुठी हुने छैनन् तिनीहरूसँग*
*हुनेछन् थप बम, बारुद र हतियारहरू पनि*
*त्यसपछि ?*
*त्यसपछि उर्लिनेछ धरती, आकाश*
*र गुन्जिनेछन् गगनभेदी नाराहरू*
*मात्र हुनेछैनन् नाराहरू*
*हुनेछन् विस्फोटहरू इन्क्लाबी नाराका बीचबीचबाट*
*र भग्नावशेष बन्नेछ यो आततायी सत्ता*
*बन्द हुनेछन् दमनका स्वरहरू*
*बन्द हुनेछन् हत्याराहरूका मस्तिष्क*
*र बन्नेछ सबै नयाँ-नयाँ*
*केही समयपछि*
*मात्र केही समयपछि*
*आऊ*
*खाली मुट्ठीहरू भरौँ*

त्यसैगरी उनको 'केही त बोल' शीर्षकको अर्को काव्यात्मक अभिव्यक्तिमा भनिएको छ :

*ए सत्ताको मातले रतन्धो लागेकाहरू*
केही त बोल
*यो आततायी सत्ताका*
*अमानवीय हर्कतका विरुद्ध !*
*यहाँ भिडन्तका नाममा*
*दिनदहाडै गोली खाएर मारिइरहेको छ*
*निहत्था मानिस,*
*कि बन्द भयो तिम्रो विवेकको बिर्को ?*
*कि बन्द भयो संवेदना र ढुकढुकी ?*
*किन छौ मौनमौन ?*
*केले समाप्त पारिदियो तिम्रो घ्राणशक्ति ?*
*कस्तो रहस्यमय जादु रहेछ नि*
*यो ऐँजेरु सत्ताको चास्नीमा ?*
*र तिम्रो विवेक ?*
*त्यो त झनै कामै नलाग्ने भएको छ*
*रातलाई रात भन्न नसक्ने*
*सूर्योदयलाई सूर्योदय देख्न नसक्ने*
*केले पारिदियो समाप्त तिम्रो मस्तिष्कलाई ?*
*कि भ्रम थियो हामीलाई*
*तिम्रो टाउकाभित्र पनि*
*छ गिदी नामको केही लेदो...‼*
*किन बढिरहेको छ सत्ताको पागलपन ?*
सत्ता यसरी नै बौलाइरहने हो र
तिमी यसरी नै
मौन बसिरहने वा
समर्थन गरिरहने हो भने सत्ताको झेल र कपटलाई
भन्नैपर्ने हुन्छ-
काम छैन तिम्रो भार यो धरतीलाई...

वर्तमानमा सत्ता र त्यसका सञ्चालक सरकारले विद्रोहीप्रति देखाएको अमानवीयता, क्रूरता र रक्तपिपासुपनका विरुद्ध लक्षित यी काव्यात्मक अभिव्यक्तिहरूले क्रान्तिकारी आशावादको सञ्चार गर्छन् र बीभत्स एवम् अन्यायपूर्ण वर्तमानको भण्डाफोर गर्छन् ।

कवि सुमनसिंह पौडेलले कुमार पौडेलको हत्यारो सत्ताप्रति व्यक्त गरेको काव्यात्मक आक्रोश यस्तो छ :

*...कति लाचार छ गिद्द !*
*सिनोहरूमा लुछाचुँडी गर्दै*
*आफ्नो पेट गुजारा गरिरहेको छ*
*बालुवाटारको वार्दलीबाट*
*सर्लाही चिहाउने एउटा दुर्मुख गिद्द*
*सिंहदरबारबाट र्‍याल चुहाउँदै*
*सागरनाथ ताक्ने केही ब्वाँसाहरू*
*वीरेन्द्र सभागृहबाट*
*थपडी पड्काउँदै आफ्नो जोहो गर्ने*
*केही कुकुरहरू....*
*झर्दैछन् सर्लाही र लुछ्दैछन् मासु*
*पिउँदैछन् रगत, रमाउँदैछन् हाँसेर*
*त्यसैले*
*फेरि पनि मारिँदैछन् कुमारहरू....*

अखिल नेपाल जनसांस्कृतिक महासङ्घका कोषाध्यक्षसमेत रहेका जनसंस्कृतिकर्मी आरोह नेपालीले पनि यसै सन्दर्भलाई लिएर एउटा शक्तिशाली कविता पोस्ट गरेका छन् ओइ सरकार शीर्षकमा :

*ओइ सरकार*
*दिलबहादुर रम्तेल मारिस्*
*इच्छुक, च्याङ्बा र चुनुहरू मारिस्*
*मारिस् कैयौँ निहत्था योद्धाहरू*
*गीत लेख्दालेख्दै मारिस्*
*कविता कोर्दाकोर्दै मारिस्*
*जनभाका गाउँदागाउँदै मारिस्*
*अझै फेरि मार्दैछस् तीर्थहरू*
*अझै फेरि मार्दैछस कुमारहरू*
*ए मूर्ख शासक*
*के सोच्दैछस्*
*तेरो बन्दुकले हाम्रो*
*विचार मार्न सक्छ ?*
*तेरो सङ्गीनले हाम्रो*
*आस्था ढाल्न सक्छ ?*
*हिजोलाई सम्झी*
*तँ हिजो राणा थिइस्*
*झुन्ड्याइस् गङ्गालाल*
*धर्मभक्त, दशरथ र शुक्रराजहरू*
*तँ हिजो पञ्चायत थिइस्*
*मारिस् रत्न बान्तवा*
*कृष्ण, विरेन, नेत्र, नारायण*
*र हरि नेपालहरू*
*तँ हिजो राजतन्त्र थिइस्*
*मारिस इच्छुक, सुरेश*
*बेनोज, र रुद्र पाख्रिनहरू*
*तँ आज गणतन्त्र छस्*
*र*
*फेरि मार्दैछस्*
*महान, प्रज्वल, दीपेन्द्र*
*रामकुमार र निरन्तरहरू*
*मान्छे मारेर श्री ३ टिकेन*
*मान्छे मारेर मण्डलेतन्त्र टिकेन*
*मान्छे मारेर श्री ५ टिकेन*
*अब मान्छे मारेर*
*श्री ६ दलालहरू टिक्दैनौ*
*किनकि*
*तेरो फाँसीले मार्न नसक्ने*
*तेरो तरबारले रेट्न नसक्ने*
*महान् विचार छ हाम्रो*
*हामी विचारमा बाँच्ने मान्छे हौँ*
*हामी मृत्युमा जिउने मान्छे हौँ*

कुमारहरू अर्थात् प्रहरीले यही असार ५ गते सर्लाहीको लखन्तीमा निहत्था अवस्थामा हिँडिरहेको समयमा भिडन्त भन्दै हत्या गरेका सहिद कुमार पौडेल र एकीकृत जनक्रान्तिका नौजनै सहिदप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै यो समय-समीक्षा यहीँ रोक्ने अनुमति चाहन्छु !

## नेता भुसालद्वारा ...

भुसालले आफ्नी आमाको भावनाको उच्च सम्मान गर्दै ५० हजारबराबरको अक्षयकोषबाट 'उमादेवी भुसाल स्मृति छात्रवृत्ति पुरस्कार' स्थापना गर्ने घोषणा गरेका छन् । श्री समयथान उच्च माविका छात्राहरूमध्ये एसईईमा उत्कृष्ट नतिजा ल्याउने छात्रालाई हरेक वर्ष ब्याज रकम दिने घोषणा भुसालले गरेका छन् । अक्षयकोषको संरक्षकमा भुसालपत्नी इन्दुकुमारी भुसाल रहनेछिन् ।

## नेकपाद्वारा देशभर ...

जिल्ला इन्चार्ज हिमालको प्रमुख आतिथ्य र सेक्रेटरी प्रतीकको अध्यक्षतामा भएको थियो । यसैगरी सिराहा, धनुषा, महोत्तरी, सिन्धुली र पूर्वसिन्धुलीमा पनि कुमार पौडेलको श्रद्धाञ्जलीसभा भएको जानकारी प्राप्त भएको छ ।

यसैगरी नेपाल कम्युनिस्ट पार्टी सुनसरीले सहिद कुमार पौडेलको सम्झनामा श्रद्धाञ्जलीसभा सम्पन्न गरेको छ । कुमारको बलिदानको १३ औँ दिन मङ्गलबार जिल्लाका चार स्थानमा श्रद्धाञ्जलीसभा आयोजना गरिएको हो ।

धरान ११, बराहानगरपालिका ५, बर्जु २ र इटहरी उपमहानगरपालिका गरी चार स्थानमा श्रद्धाञ्जलीसभा आयोजना गरिएको जानकारी जिल्ला सेक्रेटरी सन्तोसले दिएका छन् । धरानमा आयोजित श्रद्धाञ्जली सभालाई जिल्ला इन्चार्ज विश्वासले सम्बोधन गरेका थिए । इन्चार्ज विश्वासले सर्लाही जिल्लाका कर्मठ योद्धा, नेपाल कम्युनिस्ट पार्टीका सर्लाही जिल्ला इन्चार्ज तथा जनकपुर ब्युरो सदस्य कमरेड कुमार पौडेलको प्रहरीले हत्या गरेको भन्दै सहिदहरूको बलिदान कुनै पनि हालतमा खेर जान नदिने प्रतिबद्धता व्यक्त गरे ।

उनले जनताको प्रतिरोध सङ्घर्षद्वारा कुमारको हत्याको बदला लिने उद्घोषसमेत गरे । उक्त कार्यक्रमको सञ्चालन क्षितिजले गरेका थिए ।

उता नेकपा झापाले पनि सहिद कुमारलाई सम्झँदै श्रद्धाञ्जलीसभा सम्पन्न गरेको जनाएको छ । उक्त श्रद्धाञ्जली कार्यक्रममा सम्बोधन गर्दै झापा जिल्ला सचिव मनीषले कुमार पौडेल नेकपाको मात्रै नेता नभएर सुकुमबासी भूमिहीन र आम नेपालीको नेता भएको चर्चा गरे । मनीषले उनको बलिदान खेर जान नदिने बताए । राजनीतिक व्यक्तिको हत्या गर्ने कार्य नगर्न पनि उनले आग्रह गरे ।

उनले सहिद कुमारलाई सम्झँदै कुमारको मुठभेडमा मृत्यु नभएको र हत्या नै गरिएको भन्दै यसको बदला क्रान्तिको दौरानमा लिइने बताए । कार्यक्रममा जिल्ला सचिव मनीष, जनसरकार प्रमुख टीकालगायतले मन्तव्य राखेका थिए भने दमकका सचिव समरले कार्यक्रम सञ्चालन गरेका थिए ।

यसैगरी मेची-कोसी ब्युरोका १० जिल्लामा पनि पौडेलको सम्झना र सम्मानमा नेपाल कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ता, पार्टी सदस्य, शुभचिन्तक र समर्थकसहित भेला भएर श्रद्धाञ्जलीसभा सम्पन्न गरिएको समाचार प्राप्त भएको छ ।

मेची-कोसी ब्युरोकी इन्चार्ज अनुले विभिन्न समयमा पूर्वले उच्चस्तरको बलिदान गर्दै आएको, पूर्व क्षेत्रले सत्ता हल्लाउने तहका बलिदानीपूर्ण आन्दोलन गर्दै आएको र गत ५ गते झूट्टो मुठभेटको नाटक गरेर हत्या गरिएका सर्लाहीका इन्चार्ज कुमार पौडेल, भोजपुरमा हत्या गरिएका तीर्थ घिमिरेको रगतले यो दलाल पुँजीवादी सत्ताको जरा हल्लाउन सुरु गरेको बताइन् ।

उनले केपी-बादल प्रशासन आत्तिएर दमन तीव्र पारेको आधारबाट हेर्दा पनि यो सत्ताको अवसानको दिनगन्ती जनताका तर्फबाट रगत बगेसँगै सुरु भएको बताइन् । पूर्व क्षेत्रको सङ्खुवासभामा बारम्बार प्रहरीले गोली प्रहार गरेर देशलाई युद्धमा धकेलेको बताउँदै आफूहरूलाई प्रतिरोध गर्न बाध्य पार्दै लगेको उनको भनाइ थियो । उनले सबै न्यायप्रेमी जनतालाई केपी सरकारको फासिवादका विरुद्ध आवाज उठाउन अपिल पनि गरिन् ।

मोरङको कानेपोखरी गाउँपालिका वडा नं. ५ मा पर्ने साँघुटोल, रतुवामाई नगरपालिका वडा नं. ८ को एक स्थानसहित दुई स्थानमा श्रद्धाञ्जलीसभा सम्पन्न भएको छ । कार्यक्रममा मोरङ जिल्ला इन्चार्ज अनुभवले व्यक्तिहत्यामा उत्रिएको सामाजिक फासिवादी सरकारको दमनविरुद्ध आफ्नो पार्टी सशक्त प्रतिरोधमा उत्रने बताए । उनले कुमार पौडेललाई सम्झँदै कुमार पौडेल इमानदार, जनताका प्रिय र क्रान्तिकारी नेता भएको भन्दै उनको सपना पूरा गर्न सबै बलिदान गर्न तयार भएको बताए ।

उत्तरी मोरङको केराबारी भलुवाचोकमा पनि श्रद्धाञ्जलीसभा सम्पन्न भएको छ । उक्त कार्यक्रममा उत्तरी मोरङका इन्चार्ज प्रभावले भ्रष्ट, पतीत सरकारको आलोचना गर्दै जनतालाई साथमा लिएर यो सत्तालाई खरानी पार्ने चेतावनी दिए । उता दक्षिणी इलामको माई नगरपालिका वडा नं. ३ मा पनि कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा जिल्लाका सेक्रेटरी अविनाशले बोलेका थिए । उनले कुमार पौडेललाई सुराकी लागेको हुनाले अब सुराकी गर्ने जोकोहीलाई भौतिक सफाया गर्ने चेतावनी दिए । इलामको फाकफोकथुम गाउँपालिका २ खाम्बाङमा पनि श्रद्धाञ्जली कार्यक्रम सम्पन्न भएको छ । उक्त स्थानमा विद्यार्थी नेता गणेश र जिल्लाका सेक्रेटरी तागेराले बोलेका थिए ।

ताप्लेजुङ जिल्लामा पनि श्रद्धाञ्जली कार्यक्रम भएको छ । ताप्लेजुङको फक्तालुङ गाउँपालिकाको खेजेनिममा श्रद्धाञ्जलीसभा सम्पन्न भएको हो । ताप्लेजुङमा सेक्रेटरी नरपतिले बोलेका थिए । त्यस्तै पाँचथरमा पनि कार्यक्रम सम्पन्न भएको छ । याङ्वाराक गाउँपालिका ओयाम बजारमा सर्वसाधारण र विद्यार्थीको बीचमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा जिल्लाका इन्चार्ज विकल्प र विद्यार्थी नेता तुफानले बोलेका थिए ।

यसैगरी धनकुटामा पनि श्रद्धाञ्जलीसभा सम्पन्न भएको छ । उक्त कार्यक्रममा विशाल र युवाका केन्द्रीय कोषाध्यक्ष तिलकले बोलेका थिए । उक्त कार्यक्रममा तिलकले फासिस्ट दमनका विरुद्ध जनमुक्ति सेनामा भर्ती हुन आह्वानसमेत गरे ।

सुनसरी जिल्लामा पनि श्रद्धाञ्जलीसभा सम्पन्न भएको समाचार प्राप्त भएको छ । सुनसरीका ३ स्थानमा सभा सम्पन्न भएको छ । झापाको एक स्थानमा श्रद्धाञ्जलीसभा भएको छ । झापाको कमल गाउँपालिका वडा नं १ मा सभा आयोजना गरी नेकपा झापाले कुमार पौडेलाई सम्झँदै उहाँको चर्चा गरेको छ । कार्यक्रममा जिल्लाका सेक्रेटरी मनीषले बोलेका थिए । उनले बलिदान क्रान्तिकारीहरूका निम्ति स्वीकार्य विषय भएकाले हामी सबै कुमारपथमा हिँड्न तयार रहेको बताए । उनले व्यक्तिहत्यामा उत्रिएको केपीको सर्वसत्तावादी चरित्र पर्दाफास भएको र जनताले अब दलाल संसदीय व्यवस्थालाई खरानी पार्ने बताए । उनले वलीलाई चेतावनी दिँदै जनतामाथि दमन गरेर सही विषयलाई ढाकछोप गर्न सकिन्छ भन्ने सपना नदेख्न आग्रह गर्दै उनले झापाबाट वलीलाई राजनीतिक रुपमा पत्तासाफ गरिदिने चेतावनी दिए । झापाको कार्यक्रममा युवा, स्थानीय जनता र विद्यार्थीको उपस्थिति रहेको थियो ।

## सरकार भिडन्त ...

प्रकाण्डले सोमबार विज्ञप्ति जारी गर्दै दोहोरो भिडन्त भएको र नेकपाका कार्यकर्ताले गोली चलाएपछि जबाफी कारबाही गरेको भन्ने दाबीलाई खारेज गर्दै प्रहरीले राजनीतिक कार्यकर्ताको हत्या गर्ने उद्देश्यले गोली चलाएको दाबी गरेका छन् । विज्ञप्तिमा भनिएको छ- सङ्खुवासभा जिल्लाको सिलिचुङ १ मा सोमबार शान्तिपूर्ण राजनीतिक कार्यक्रमका लागि जनताको घरमा बास बसिरहेका नेपाल कम्युनिस्ट पार्टीका नेता-कार्यकर्तामाथि केपी वली-बादल गृहप्रशासनले तीव्र प्रहरी दमन गरेको छ । पार्टी यसको घोर निन्दा एवम् भर्त्सना गर्दछ । एकातिर शान्ति र लोकतन्त्रका कुरा गर्ने तर अर्कातिर शान्तिपूर्ण राजनीतिक कार्यक्रममा हिँडेका नेकपाका नेता-कार्यकर्तालाई दमन गर्ने, गोली प्रहार गर्ने, समातेर हत्या गर्ने वली-बादलमण्डली सरकारको दमनकार्य निन्दनीय छ । अविलम्ब यो दमन नरोके नेकपाले शक्तिशाली प्रतिरोध गर्नेछ । त्यसबाट उत्पन्न परिस्थितिको जिम्मेवार यही केपी-बादल सरकार हुनेछ ।

## सर्लाही हत्याकाण्डको ...

उनले भनेका छन्, 'लोकतन्त्रको सर्वमान्य सिद्धान्त जीवन, धन, स्वतन्त्रता र सम्मानको सुनिश्चितता हो । इन्काउन्टरका नाउँमा जस्तोसुकै अपराधी भए पनि ज्यान लिनु राज्य अपराध हो । सर्लाही घटनाको यथार्थ सार्वजनिक हुनु जरुरी छ ।'

स्मरणीय छ, यही असार ५ गते नेकपा सर्लाहीका इन्चार्ज तथा लोकप्रिय सुकुमबासी नेता कुमार पौडेललाई प्रहरीले लालबन्दी १, लखन्तीखोला नजिक नियन्त्रणमा लिइसकेपछि ठाउँठाउँमा हात भाँचेर हात र टाउकोमा गोली पहार गरी हत्या गरेको थियो । उक्त हत्याकाण्डको चौतर्फी विरोध र भर्त्सना भइरहेको र राष्ट्रिय मानवअधिकार आयोगले समेत छानबिन सुरु गरिरहेको समयमा केसीको यो भनाइ सार्वजनिक भएको हो ।






















निर्देशक : अनिल शर्मा, प्रबन्धनिर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं